३८ औं वार्षिकोत्सव

ऋण लगानीमा पूर्वाधार
समृद्ध नेपालको आधार

# वार्षिक प्रतिवेदन
## (२०८१/८२)

नगर विकास कोष

**सम्पर्क**

## नगर विकास कोष

नयाँ बानेश्वर, काठमाडौं
पो. ब. न. ५१४४

**टेलिफोन नं.**

०० ९७७ १ ४५९३८६६
०० ९७७ १ ४५६४८७४
०० ९७७ १ ४५८४९५७

**इमेल** : tdf@tdf.org.np

**वेब** : www.tdf.org.np

**सामाजिक सञ्जाल**
facebook.com/Town Development Fund-TDF

**सम्पादक मण्डल**

सृजना खड्का
इ. नवीन तिवारी
इ. राकेश सिग्देल
युष्मा घिमिरे
रामदेवी पोखरेल
राम छुस्याकी
अनिता शर्मा
प्रतीकराज तिमसिना
मधु सुवेदी

**प्रकाशक**

नगर विकास कोष

**विमोचन मिति**

२०८२/११/०२

# नगर विकास कोष ऐन, २०५३ को दफा २८ (२) बमोजिम प्रकाशित वार्षिक प्रतिवेदन

# विषय सूची

१. कोषको परिचय १

१.१ पृष्ठभूमि १

१.२ कोषको दूरदृष्टि (Vision) २

१.३ कोषको ध्येय (Mission) २

१.४ कोषको मूल मान्यता (Core Value) २

१.५ कोषको उद्देश्य २

१.६ कोषको ऐन/नियम/विनियमावली/ निर्देशिकाहरू २

१.७ कोषको रणनीति २

१.८ कोषको लगानीका क्षेत्र र आयोजनाको किसिम ३

१.१० कोषको ऋण लगानी विधि ४

१.१२ लगानीका स्रोत ५

१.१३ ऋण असुलीसम्बन्धी व्यवस्था ५

२. आ.व. ०८१/८२ मा कोषद्वारा सञ्चालित ८

२.१ दातृ संस्थाको सहयोगमा सञ्चालित कार्यक्रम : ८

२.२ नेपाल सरकारको अनुदान सहयोगमा सञ्चालित कार्यक्रम : १०

२.३ नेपाल सरकारको ऋण सहयोगमा सञ्चालित कार्यक्रम : ११

२.४ कोषको स्व:पुँजी (इक्विटी) बाट सञ्चालित कार्यक्रम : १३

२.५ वैदेशिक सहायताअन्तर्गतका प्रस्तावित कार्यक्रम १८

३. नगर विकास कोष र अन्तर्राष्ट्रिय सङ्घ-संस्थाको सहकार्यमा सञ्चालित कार्यक्रमहरू १९

३.१ नगरपालिका वित्त तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम : १९

३.२ हरित जलवायु कोष (Green Climate Fund) २१

४. संस्थागत विकास, व्यवसाय प्रवर्द्धन तथा जनशक्ति व्यवस्थापन २२

४.१ संस्थागत विकास तथा व्यवसाय प्रवर्द्धन कार्यक्रमतर्फ २२

४.२ जनशक्ति व्यवस्थापन : २४

४.३ अनुसन्धान तथा विकास : २४

५. स्थानीय तह तथा सेवाग्राहीको क्षमता विकासका कार्यक्रम २५

५.१ अनुगमन तथा मूल्याङ्कन २६

६. कोषको वित्तीय अवस्था २८

६.१ ऋण तथा अनुदान लगानी २८

६.३ ऋण भुक्तानी २८

६.४ आम्दानी २८

६.५ सञ्चालन खर्च २८

६.६ बचत २९

६.७ आन्तरिक पुँजीगत खर्च : २९

७. नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८२ ३०

८. कोषबाट सम्पन्न भएका विभिन्न क्रियाकलाप ३७

प्रधानमन्त्री

काठमाडौं, नेपाल



# शुभकामना

मुलुकको नगर क्षेत्रमा पूर्वाधारको निर्माण, विकास र विस्तारसहित सामाजिक सेवा तथा आयमूलक कार्यक्रम तथा आयोजना सञ्चालनका लागि नगर विकास कोषले आर्थिक र प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ । यस कार्यका लागि कोषले दीर्घकालीन ऋण लगानीसहित वैकल्पिक वित्तीय उपकरण परिचालन गरी नगर क्षेत्रको समग्र विकासमा पुऱ्याएको योगदानका लागि ३८औं स्थापना दिवसको अवसरमा सम्बद्ध सबैको भूमिकाको लागि प्रशंसा सहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

सङ्घीय शासन प्रणालीअनुरुप नगर क्षेत्रमा दिगो पूर्वाधार विकासका लागि स्रोत साधनको अधिकतम परिचालनसहित वैकल्पिक वित्तीय उपकरणको प्रयोग गर्ने नेपाल सरकारको नीति रहेको छ । आवधिक योजनाले अङ्गीकार गरेको पूर्वाधार विकासको दीर्घकालीन लक्ष्य हासिल गर्न कोषको भूमिका महत्वपूर्ण छ । यसका लागि कोषको योगदान र कार्यक्षेत्र समेतलाई आत्मसाथ गरी नगर विकास कोषसम्बन्धी कानुनको संशोधन र एकीकरणका लागि सैद्धान्तिक सहमतिसमेत दिइएको छ । यसले आगामी दिनमा कोषको पूँजी वृद्धिका साथै स्रोत परिचालनमा देखिएका कठिनाइ निराकरण भै प्रभावकारिता अभिवृद्धि हुनेछ ।

योजनाबद्ध शहरीकरण, सुरक्षित आवास, दिगो यातायात, फोहोर व्यवस्थापन तथा शहरी सेवा विस्तारमार्फत दिगो, समावेशी र सुरक्षित शहर निर्माणमा प्रत्यक्ष योगदान गर्दै दिगो विकासका लक्ष्य हासिल गर्न नगर विकास कोष आगामी दिनमा थप सुदृढ र सक्रियरुपले लाग्नेछ भन्ने विश्वास लिएकी छु ।

अन्त्यमा, नगर विकास कोषको वार्षिकोत्सवका अवसरमा कोषमा आवद्ध सम्पूर्ण पदाधिकारी तथा कर्मचारीको उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सुशीला कार्की

माघ, २०८२
ने.स. ११४६

मा. प्रा. डा. कुमार इङ्नाम
मन्त्री
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Prof. Dr. Kumar Ingnam
Minister
Ministry of Urban Development,
Singhadurbar, Kathmandu, Nepal

पत्र संख्या/Let. No.:
चलानी नं./Ref. No.:



# शुभकामना

व्यवस्थित शहरी विकासका लागि स्थानीय तह र शहरी विकाससँग सम्बन्धित निकायहरूलाई आर्थिक र सामाजिक पूर्वाधारका आयोजनाहरूको निर्माण तथा विकासमा वित्तीय एवम् प्राविधिक सहयोग प्रदान गर्न वि.स. २०४५ साल फागुन २ गते स्थापना भएको नगर विकास कोष स्थापनाको ३८ औं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

विद्यमान शहरलगायत भविष्यमा निर्माण हुने शहरमा शहरी सुविधाहरूको पर्याप्त उपलब्धता सहित शहरी जीवनस्तरमा सुधार ल्याउन गुणस्तरीय, वातावरणमैत्री र दिगो शहरी पूर्वाधार निर्माण, विकास तथा विस्तारमा ठुलो लगानीको आवश्यकता रहेको छ । नगर विकास कोष विगत ३७ वर्षदेखि स्थानीय तह र शहरी विकाससँग सम्वन्धित निकायहरूलाई दीर्घकालीन ऋण तथा प्राविधिक सहयोग प्रदान गर्दै शहरी जीवनस्तर वृद्धिमा योगदान दिई रहेको छ।

देश सङ्घीय शासन पद्धतिमा रूपान्तरण भएसँगै कोषलाई सङ्घ, प्रदेश र स्थानीय तह एवम् वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी पुनर्संरचना गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्ने एक व्यावसायिक तथा सुदृढ संस्थाका रूपमा रूपान्तरणका लागि तर्जुमा गरिएको "नगर विकास कोष सम्वन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८२" तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति भइसकेको छ। सोही बमोजिम नगर विकास कोष ऐन, २०५३ को संशोधन प्रक्रियालाई यथाशिघ्र निष्कर्षमा पुऱ्याउन मन्त्रालय प्रतिबद्ध रहेको छ।

राष्ट्रिय शहरी नीतिको अवलम्बन गर्दै व्यवस्थित, समावेशी र समृद्ध शहर निर्माणका लागि नगर विकास कोष वैकल्पिक वित्तीय उपकरणहरू परिचालन गर्न सक्षम हुने विश्वास व्यक्त गर्दै ३८ औं वार्षिकोत्सवको नगर विकास कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

प्रा. डा. कुमार इङ्नाम
मन्त्री
शहरी विकास मन्त्रालय

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाण्डौं, नेपाल।



## शुभकामना

व्यवस्थित शहरी विकासका लागि नगर विकाससँग सम्बन्धित निकायहरूलाई दिगो शहरी पूर्वाधारका आयोजनाको निर्माण तथा विकासमा वित्तीय तथा प्राविधिक सहयोग गर्न सरकारको वित्तीय मध्यस्थकर्ताको रूपमा स्थापित कोष आफ्नो स्थापनाकालको ३७ औं वर्ष पूरा गरी ३८ औं वर्षमा प्रवेश गरेको छ।

सङ्घीय शासन प्रणालीको कार्यान्वयनसँगै स्थानीय तहहरूमा शहरी पूर्वाधार विकासका लागि दीर्घकालीन वित्तीय स्रोतको आवश्यकता बढ्दै गएको वर्तमान सन्दर्भमा, कोषले पूर्वाधार विकासमा दीर्घकालीन ऋण लगानी सहित वैकल्पिक वित्तीय उपकरण परिचालन गर्ने संस्थाको रूपमा आफ्नो पहिचान स्थापित गरेको छ। दातृ निकायहरूसँगको सहकार्यमा कोषबाट शहरी पूर्वाधारका विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन्, यसबाट कोषले दातृ निकायहरूको विश्वास आर्जन गर्न सफल भएको देखिन्छ।

राष्ट्रिय शहरी नीति, २०८१ ले नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पुँजी परिचालन गरिने, विभिन्न अन्तर्राष्ट्रिय हरित वित्तीय संस्थाहरूको स्रोतमाथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न नगर विकास कोषलाई हरित लगानी वाहक (Green Financing Vehicle) को रूपमा प्रवर्द्धन तथा परिचालन गरिने जस्ता महत्त्वपूर्ण नीतिगत व्यवस्था गरेको छ।

नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पुँजी परिचालन गरिने सबल संस्थाको रूपमा रूपान्तरणका लागि नेपाल सरकारबाट स्वीकृत "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनासम्बन्धी रणनीति पत्र" बमोजिम "नगर विकास कोष ऐन, २०५३" लाई संशोधन र एकीकरण गर्न मन्त्रालय प्रतिबद्ध छ।

अन्त्यमा, नगर विकास कोषले मुलुकको सङ्घीय संरचनाका आधारमा व्यवस्थित शहरी पूर्वाधार विकासका लागि आवश्यक पर्ने लगानी परिचालन गर्न सक्षम हुने र मुलुककै एक नेतृत्वदायी वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा विकसित हुनेछ भन्ने विश्वास व्यक्त गर्दै ३८ औं वार्षिकोत्सवको अवसरमा कोषसँग सहकार्य गर्नुहुने विकास साझेदारहरू, दातृ निकाय, स्थानीय तहहरू, सञ्चालक समिति र साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूलाई धन्यवाद ज्ञापन गर्दै नगर विकास कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

मितिः २०८२/१०/२२

गोपाल प्रसाद सिग्देल
सचिव,
शहरी विकास मन्त्रालय
एवम्,
अध्यक्ष, नगर विकास कोष

फोनः ०१-४२११८८३, ४२११६७३ फ्याक्स नं.: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेलः info@moud.gov.np, वेबसाइटः www.moud.gov.np

स्थायी लेखा नं. ३०१३३०३०९

# नगर विकास कोष

पोष्ट वक्स नं. : ५१४४
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :
चलानी नं. :



## प्रतिबद्धता

नगर विकास कोष वि.सं. २०४५ सालमा स्थापना भई वि.सं. २०५३ सालमा नगर विकास कोष ऐनद्वारा स्वायत्त संस्थाको रुपमा क्रियाशिल रहेको कोष स्थानीय तह एवम् शहरी विकाससँग सम्बन्धित निकायलाई पूर्वाधार निर्माणमा वित्तीय एवम् क्षमता विकासका लागि प्राविधिक सहायता प्रदान गर्दै आफ्नो स्थापनाकालको ३८ औं वर्षमा प्रवेश गरेको छ।कोषले शहरी पूर्वाधारको निर्माण तथा विकासमा ऋण लगानी, ऋण-अनुदान मिश्रण लगानी, सहलगानी, हरित वित्त लगानी, सार्वजनिक निजी साझेदारी लगानी लगायतका वैकल्पिक वित्तीय उपकरणहरुको माध्यमबाट वित्तीय स्रोत परिचालन गर्दै आएको कुरा विदितै छ।

कोषले स्थापनाकाल देखि आ.व. २०८१/८२ सम्म शहरी पूर्वाधारका आयोजनाहरुमा कूल रु. १६ अर्व ऋण तथा रु. २ अर्व अनुदान प्रवाह गरिसकेको छ। शहरी पूर्वाधार तथा खानेपानी आयोजनातर्फ गरेको ऋण लगानी मध्ये आ.व. २०८१/८२ को अन्त्यसम्म साँवा तथा व्याज गरी रु. १० अर्व ३६ करोड ७८ लाख असुल हुनुपर्नेमा रु. ८ अर्व ६० करोड ७५ लाख कोषमा असुल भैसकेको छ। आ.व. २०८१/८२ को लेखा परीक्षणको वित्तीय विवरण अनुसार कोषको पूँजी रु. ७ अर्व १३ करोड ९२ लाख पुगेको छ।

कोषलाई नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र वित्तीय संस्थाहरुको समेत सेयर स्वामित्व रहने गरी अधिकृत पुँजी रू. ५० अर्ब, जारी पुँजी रू. ५० अर्ब र चुक्ता पुँजी रू. २० अर्ब हुने गरी नगर विकास कोषको पुनर्संरचनाका लागि "नगर विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८२" तर्जुमाका लागि मन्त्रीपरिषदबाट सिद्धान्त स्वीकृती भइसकेको छ।

राष्ट्रिय शहरी नीति, २०८१ ले नगर विकास कोषलाई हरित लगानी वाहक (Green Financing Vehicle) का रुपमा प्रवर्द्धन तथा परिचालन गरिने विषयलाई महत्वका साथ उल्लेख गरेसँगै आ.व. २०८१।०८२ मा कोष हरित जलवायु कोषको मानक संस्था (Accreditation Institution) का रूपमा स्थापित गर्ने कार्यको दोस्रो चरणमा प्रवेश गरेको छ।


कोषको ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका तथा व्यवायिक योजनाले निर्दिष्ट गरेका उद्देश्यहरू अनुरूप सुशासन, पारदर्शिता, वित्तीय अनुशासन र जोखिम व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउने तर्फ मेरो निरन्तर प्रयास रहनेछ। शहरी पूर्वाधार विकासका क्षेत्रमा दीर्घकालीन पूँजी लगानी तथा वैकल्पिक वित्तीय उपकरणहरूको परिचालनमार्फत स्थानीय तहहरूको वित्तीय तथा संस्थागत क्षमता अभिवृद्धि गर्न कोषलाई अग्रणी भूमिकामा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। आगामी दिनमा कोषको कार्यक्षेत्र विस्तार, संस्थागत सुदृढीकरण, मानव संशाधन विकास, प्रविधि मैत्री प्रणालीको अवलम्बन तथा हरित र वातावरणमैत्री लगानी प्रवर्द्धनमा विशेष ध्यान केन्द्रित गरिनेछ।

अन्त्यमा, कोषलाई सहयोग गर्नुहुने नेपाल सरकार, विकास साझेदारहरु, स्थानीय सरकारहरु, साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु र सम्बन्धित विभिन्न सङ्घ संस्थाहरुलाई कोषको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छु।

Binod
..............................
इ. विनोद प्रकाश पण्डित
कार्यकारी निर्देशक

फोन नं. : ४५२३८६६, ४५६४८७४, ४५६५६५१, ४५७१२२७, इमेल: tdf@tdf.org.np, Website: www.tdf.org.np

# संगठन संरचना



संचालक समिति
उप-समिति
कार्यकारी निर्देशक
सचिवालय एवं योजना अनुगमन तथा मूल्यांकन केन्द्र
आन्तरिक लेखा परीक्षण
सुचना व्यवस्थापन शाखा
योजना, अनुगमन तथा मूल्याङ्कन शाखा
अनुसन्धान तथा विकाश
आयोजना व्यवस्थापन तथा प्राविधिक सहयोग विभाग
वित्त तथा मानव संशाधन विभाग
व्यवसाय प्रबर्द्धक तथा आयोजना विकास महाशाखा
आयोजना अनुगमन तथा सुपरिबेक्षक व्यवस्थापन महाशाखा
प्राविधिक सहयोग तथा परामर्श सेवा महाशाखा
आयोजना मूल्याङ्कन महाशाखा
वित्त तथा कोष व्यवस्थापन महाशाखा
मानव संशाधन महाशाखा
ग्राहक सम्बन्ध तथा सानिसा प्रबर्द्धन शाखा
आयोजना विकास शाखा
खरिद सेवा सहयोग शाखा
आयोजना अनुगमन शाखा
तालिम तथा क्षमता अभिबृद्धि शाखा
आयोजना मूल्याङ्कन शाखा
लगानी तथा असुली शाखा
लेखा शाखा
प्रशासन शाखा
जिन्सी तथा खरिद शाखा

# सञ्चालक समिति



अध्यक्ष
**गोपालप्रसाद सिग्देल**
सचिव
शहरी विकास मन्त्रालय



सदस्य
**कल्पनाकुमारी कटुवाल**
नगर प्रमुख, बरहथवा न.पा.



सदस्य
**दीपक रिसाल**
नगर प्रमुख, गोकर्णेश्वर न.पा.



सदस्य
**मन्जु गुरुङ**
उपप्रमुख, पोखरा महान.पा.



सदस्य
**रामकृष्ण खाँड**
नगर प्रमुख, तिलोत्तमा न.पा.



सदस्य
**लालवीर भण्डारी**
नगर प्रमुख, पञ्चपुरी न.पा.



सदस्य
**सुशीला शाही**
नगर प्रमुख, लम्कीचुहा न.पा.

सदस्य
**नगर प्रमुख**
कोशी प्रदेश



सदस्य
**महेश आचार्य**
सहसचिव, अर्थ मन्त्रालय



सदस्य
**नीता पोखरेल अर्याल**
सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय



सदस्य
**इ. बलबहादुर ठकुराठी**
प्राविधिक विज्ञ

सदस्य
अर्थविज्ञ



सदस्य
**डा. तेजहरि घिमिरे**



सदस्य
**अम्बिका खनाल**



सदस्य
**डा. सर्मिला थापा**



सदस्य सचिव
**इ. विनोद प्रकाश पण्डित**
कार्यकारी निर्देशक

# कार्यकारी सारांश

नगर विकास कोष विगत ३७ वर्षदेखि व्यवस्थित, समावेशी र समृद्ध सहर निर्माणका लागि स्थानीय तह र शहरी विकाससँग सम्बन्धित निकायहरूलाई शहरी पूर्वाधारका आयोजनाको निर्माण तथा विकासमा वित्तीय लगानी एवम् संस्थागत क्षमता अभिवृद्धिका लागि प्राविधिक सहयोग प्रदान गर्दै आएको छ । कोषले शहरी पूर्वाधार निर्माणमा दीर्घकालीन ऋण, मिश्रित लगानी, सहलगानी, सार्वजनिक-निजी साझेदारी लगानीलगायतका वैकल्पिक वित्तीय उपकरण परिचालन गर्ने संस्थाका रूपमा आफ्नो पहिचान बनाएको छ ।

कोषले स्थापनाकालदेखि आ.व. २०८१/८२ सम्म शहरी पूर्वाधारका आयोजनाहरूमा कुल रु १६ अर्ब ऋण तथा रु २ अर्ब अनुदान प्रवाह गरिसकेको छ । शहरी पूर्वाधार तथा खानेपानी आयोजनातर्फ गरेको ऋण लगानीमध्ये आ.व. २०८१/८२ को अन्त्यसम्म साँवा तथा ब्याज गरी रु १० अर्ब ३६ करोड ७८ लाख असुल हुनुपर्नेमा रु ८ अर्ब ६० करोड ७५ लाख कोषमा फिर्ता भइसकेको छ । आ.व. २०८१/८२ को लेखा परीक्षणको वित्तीय विवरणअनुसार कोषको पुँजी रु ७ अर्ब १४ करोड पुगेको छ ।

कोषको संस्थागत सुदृढीकरण, शहरी पूर्वाधार विकासमा वैकल्पिक वित्तीय उपकरणको परिचालन, सरोकार निकायहरूसँगको पहुँच विस्तारलगायतका लक्ष्यहरू निर्धारण गर्दै आ.व. २०८१/८२ मा कोषले आफ्नो चार वर्षीय व्यावसायिक योजना (आ.व.२०८१/८२ देखि २०८४/८५) कार्यान्वयनमा ल्याएको छ ।

नेपाल सरकारको आ.व. ०८१/८२ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा "नगर विकास कोषको पुनर्संरचना गरी सहलगानीमा शहरी पूर्वाधार निर्माण गरिनेछ" उल्लेख भएकोमा शहरी पूर्वाधार विकासमा थप पुँजी परिचालन गर्न सक्षम संस्थाका रूपमा विकास गर्न कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनाका लागि "नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८२" तयार भई कानुनबमोजिम स्वीकृतिको प्रक्रियामा रहेको छ ।

आ.व. २०८१/८२ मा शहरी पूर्वाधारका आयोजनाहरूको निर्माणमा रु ६२ करोड ६१ लाख २४ ऋण लगानी र रु ३ करोड ८१ लाख १७ हजार अनुदान परिचालन गरिएको छ । कोषले ऋण लगानी गरेका विभिन्न आयोजनाबाट साँवा तथा ब्याज गरी जम्मा रु १ अर्ब ४ करोड ५६ लाख ९२ हजार असुल भएको छ । कोषले नेपाल सरकारलाई साँवा तथा ब्याजबापत रु ५२ करोड ७० लाख भुक्तानी गरेको छ ।


कोषको व्यावसाय सञ्चालनबाट हुने नियमित आम्दानी र दातृ संस्थाबाट प्राप्त हुने अनुदान आम्दानीसमेतबाट आ.व. २०८१/८२ मा कुल रु ७१ करोड ६८ लाख २७ हजार आय हुन गई लक्ष्यको ८९ प्रतिशत प्रगति भएको छ । यस अवधिमा नेपाल सरकारसँग लिएको ऋणको ब्याज, कार्यालय सञ्चालन खर्च, व्यवसाय प्रवर्द्धन खर्च, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकासतर्फ गरी कुल रु २८ करोड १० लाख ७० हजार खर्च भई लक्ष्यको ७२ प्रतिशत प्रगति हासिल भएको छ ।

आ.व. २०८१/८२ मा बहुपक्षीय, द्विपक्षीय, अन्तर्राष्ट्रिय दातृ निकाय तथा अन्य सङ्घ-संस्थामार्फत वित्तीय स्रोत व्यवस्थापनका लागि गरिएको समन्वयबाट World Bank Group अन्तर्गतको International Finance Corporation (IFC) र फिनल्यान्ड सरकारको Public Investment Facility (PIF) को स्रोत परिचालनमा कोषको पहुँच स्थापित भएको छ । कोषलाई Green Climate Fund (GCF) मानक संस्थाका रूपमा स्थापित गर्न विभिन्न नीति तथा निर्देशिकाहरू सञ्चालक समितिबाट स्वीकृत भई लागू भएका छन् । कोषका सेवाग्राहीहरूको संस्थागत क्षमता अभिवृद्धिमा प्राविधिक सहायता परिचालन गरिएको छ । समग्रमा आ.व. २०८१/८२ मा कोषको संस्थागत सुदृढीकरण, सेवाग्राहीहरूको संस्थागत क्षमता अभिवृद्धि तथा बहुपक्षीय, द्विपक्षीय, अन्तर्राष्ट्रिय दातृ निकायसँगको साझेदारी विस्तारमा उल्लेख्य उपलब्धि हासिल भएको छ ।


# नगर विकास कोष

## आ.व. ०८१/८२ को लगानी, असुली र भुक्तानीको अवस्था


(क) आ.व. २०८१/८२ मा कोषको विभिन्न कार्यक्रमअन्तर्गत गरिएको कुल लगानी रू. ६६ करोड ४३ लाख




(ख) आ.व. २०८१/८२ मा विभिन्न कार्यक्रमअन्तर्गत स्वीकृत रकम (रू. १९ करोड २९ लाख)




(ग) आ.व. २०८१/८२ मा ऋण असुली




(घ) आ.व. २०८१/८२ को नेपाल सरकारलाई साँवा तथा ब्याज भुक्तानी

रू. करोडमा



# १. कोषको परिचय

## १.१ पृष्ठभूमि

शहरी पूर्वाधार निर्माणका लागि ऋण परिचालनको अवधारणालाई प्रवर्द्धन गरिनुपर्छ, त्यसले प्रत्येक बन्ने पूर्वाधारको दिगोपना र सेवाप्रवाहको सुनिश्चितता गर्छ भन्ने मूल मर्मका साथ २०४५ फागुन २ गते नगर विकास कोष समितिका रूपमा स्थापना भई २०५३ सालमा नगर विकास कोष ऐनद्वारा स्वायत्त संस्था नगर विकास कोषको स्थापना भएको हो । नेपाल सरकारको बीउ पुँजी (Seed Capital) का रूपमा करिब रु १.२९ करोड इक्विटी सेयरबाट थालनी भएको कोषले हाल ९३ वटा नगरपालिका र ११४ वटा साना सहरमा आफ्नो कार्य क्षेत्र विस्तार गर्दै कोषको पुँजी रु. ७ अर्ब १४ करोड पुऱ्याएको छ ।

नगर विकास कोष विगत ३७ वर्षदेखि व्यवस्थित, समावेशी र समृद्ध सहर निर्माणका लागि स्थानीय तह र शहरी विकाससँग सम्बन्धित निकायहरूलाई शहरी पूर्वाधारका आयोजनाको निर्माण तथा विकासमा वित्तीय लगानी एवम् संस्थागत क्षमता अभिवृद्धिका लागि प्राविधिक सहयोग प्रदान गर्दै आएको छ । स्थापनाकालदेखि कोषले नेपाल सरकार एवम् विभिन्न विकास साझेदारको वित्तीय स्रोत परिचालन गर्दै तीव्र रूपमा बढ्दै गरेका नगरहरूले पूर्वाधार तथा सामाजिक क्षेत्रमा सामना गरिरहेका आर्थिक व्यवस्थापनका चुनौतीलाई सम्बोधन गर्दै हालसम्म प्रतिफलमुखी आर्थिक पूर्वाधार तथा आधारभूत सामाजिक पूर्वाधारका आयोजनामा करिब रु. १६ अर्ब रुपैयाँ लगानी गरिसकेको छ ।

कोषले शहरी पूर्वाधार विकासमा दीर्घकालीन ऋण लगानीसहित वैकल्पिक वित्तीय उपकरण परिचालन गर्ने संस्थाका रूपमा आफ्नो पहिचान गराएसँगै नेपाल सरकारबाट कोषको पुँजी वृद्धि र कार्यक्षेत्र विस्तारसहितको कोषको पुनर्संरचना रणनीतिकपत्र (TDF's Restructuring Strategy Paper) स्वीकृत भई सोहीबमोजिम कोषमा सङ्घ, प्रदेश र स्थानीय तह एवम् वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी कोषको अधिकृत पुँजी ५० अर्ब पुऱ्याउने लक्ष्यसहित *"नगर विकास कोष ऐन, २०५३ लाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८२"* तयार भई ऐन संशोधनको प्रक्रियामा रहेको छ ।

राष्ट्रिय शहरी नीति, २०८१ ले समेत नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पुँजी परिचालन गरिने उल्लेख गरिएको छ ।

कोषको कार्य क्षेत्र विस्तृतीकरण र पुँजी पुनर्संरचनापश्चात् कोषलाई थप प्रभावकारी रूपमा स्थानीय तहको पूर्वाधार विकासका लागि आर्थिक र प्राविधिक सहयोग र सार्वजानिक-निजी साझेदारी अवधारणाअनुसार स्थानीय तह र प्रदेशस्तरका आयोजनामा पनि लगानी गर्ने बाटो खुल्नेछ ।

कोष हरित जलवायु कोषको मानक संस्था (Accreditation Institution) का रूपमा स्थापित गर्ने कार्यको प्रथम चरणको प्रक्रिया सम्पन्न भई Stage– II प्रवेश गरिसकेको छ । कोषलाई हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त भएपश्चात् जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका पूर्वाधार विकासका लागि अनुदान, सरल ऋण (Concessional Loan) र ग्यारेन्टी (Guarantee) का रूपमा प्रतिआयोजनाका लागि अमेरिकी डलर ५० देखि २५० मिलियनसम्मका स्रोत पहुँच गर्न सकिने अवसर प्राप्त हुनेछ ।

## १.२ कोषको दूरदृष्टि (Vision)

शहरी पूर्वाधार विकासमा दिगो नेतृत्वदायी वित्तीय मध्यस्थकर्ताका रूपमा स्थापित हुने ।

## १.३ कोषको ध्येय (Mission)

पूर्वाधार विकासमा सहजीकरण गर्दै समावेशी दिगो विकासको प्रवर्द्धन ।

## १.४ कोषको मूल मान्यता (Core Value)

- शहरी पूर्वाधारका आयोजनाहरूको निर्माणमा ऋण लगानीलाई प्रवर्द्धन गर्दै शहरी सेवा-सुविधाको विस्तार गरी जनताको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार ।
- दिगो शहरी पूर्वाधारमा लगानीलाई विस्तार गर्दै देशको आर्थिक-सामाजिक क्षेत्रको विकास ।
- वित्तीय एवम् गैरवित्तीय नवीन उपकरणको प्रवर्द्धनबाट शहरी पूर्वाधार विकास ।

## १.५ कोषको उद्देश्य

अल्पकालीन तथा दीर्घकालीन रणनीतिहरू बनाई कार्य गर्नका लागि नगर विकास कोष ऐन, २०५३ को परिच्छेद २ (५) बमोजिम नगर विकास कोषको देहायबमोजिम उद्देश्यहरू रहेका छन् :

(क) नगर विकाससँग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाइ स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने, गराउने ।

(घ) नगर विकास र यसका लागि गरिनुपर्ने सभाव्य सुधारहरूका सम्बन्धमा देखापरेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकताअनुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

## १.६ कोषको ऐन/नियम/विनियमावली/निर्देशिकाहरू

१. नगर विकास कोष ऐन, २०५३
२. नगर विकास कोष नियमावली, २०५४
३. नगर विकासका कोष आर्थिक विनियमावली, २०७१
४. नगर विकास कोष, कर्मचारी सेवा सर्त विनियमावली, २०६८
५. नगर विकास कोष, लगानी विनियमावली, २०७९
६. नगर विकास कोष, ऋण असुली विनियमावली, २०७९
७. खानेपानी तथा सरसफाइ क्षेत्र, सहलगानी निर्देशिका, २०७५
८. लगानी निर्देशिका, २०७७
९. खानेपानी महसुलदर सिफारिस निर्देशिका, २०७८
१०. Environmental and Social Safeguard Policy, २०२५,
११. Gender Equality, Disability and Social Inclusion Policy (GEDSI Policy), २०२५,
१२. Grievance Redressal Mechanism, २०२५
१३. Internal Control Framework, २०२५.
१४. Monitoring and Evaluation Guideline, २०२५,
१५. Fraud Prevention and Whistleblower Protection Guideline, २०२५
१६. आन्तरिक लेखा परीक्षण निर्देशिका, २०८२
१७. जोखिम व्यवस्थापन निर्देशिका, २०८२
१८. आयोजना मूल्याङ्कन निर्देशिका

## १.७ कोषको रणनीति

(१) शहरी पूर्वाधारका लागि थप पुँजी परिचालन गर्न नगर विकास कोषलाई पुनर्संरचना गर्दै यसको स्वामित्व सङ्घ, प्रदेश, स्थानीय तह र वित्तीय संस्थाहरूको बिचमा वितरण गर्ने ।

(२) शहरी पूर्वाधारको निर्माण तथा विकासमा ऋण-अनुदान मिश्रण लगानी, सहलगानी, हरित वित्त लगानी, मिश्रित वित्त (ब्लेन्डेड

फाइनान्स), सार्वजनिक-निजी साझेदारी, Consortium Financing लगायतका वैकल्पिक वित्तीय उपकरणहरूको माध्यममार्फत वित्तीय स्रोत परिचालन गर्ने।

(३) स्थानीय आर्थिक विकास ढाँचा तयारी तथा संस्थागत क्षमता अभिवृद्धिमा सहयोग गर्ने ।

(४) भौगोलिक क्षेत्र, संस्थागत सुशासन र रणनीतिक स्थानमा ऋण उपयोग तथा भुक्तानी गर्ने क्षमताका आधारमा लगानी गर्ने ।

(५) बहुपक्षीय, द्विपक्षीय, अन्तर्राष्ट्रिय दातृ निकायहरू तथा अन्य सङ्घ-संस्थाहरूमार्फत थप वित्तीय स्रोत परिचालन गर्ने ।

(६) कोषको कार्यक्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको भगिनी सम्बन्ध तथा संस्थागत सञ्जाल विकास गरी कोषको प्राविधिक क्षमता अभिवृद्धि गर्ने ।

(७) संस्थागत वित्तपोषण (Entity Financing) मार्फत कोषको लगानीलाई विविधीकरण गरी सामाजिक पूर्वाधारका क्षेत्रहरूमा लगानी गर्ने ।

(८) विभिन्न अन्तर्राष्ट्रिय हरित वित्तीय संस्थाहरूको स्रोतमाथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न कोषलाई हरित लगानीवाहक (Green Financing Vehicle) का रूपमा प्रवर्द्धन तथा परिचालन गर्ने ।

(९) राष्ट्रिय वित्तीय संस्थासँग सहकार्य गरी कन्सोर्टियम वा ब्रिज फाइनान्सिङ अवधारणामा लगानी प्रवर्द्धन गर्ने ।

(१०) कोषलाई Green Climate Fund (GCF) मानक संस्थाका रूपमा स्थापित गर्ने कार्यका लागि कोषको संस्थागत क्षमता सुदृढ गर्दै सम्भावित जलवायु अनुकूलन आयोजनाको तयारीका लागि स्थानीय तहसँग सहकार्य गर्ने ।

(११) ऋण असुली सुरक्षण पद्धतिका रूपमा एस्क्रो (Escrow) खाता लागू गर्ने ।

## १.८ कोषको लगानीका क्षेत्र र आयोजनाको किसिम

### (क) आधारभूत सामाजिक पूर्वाधार

(१) जग्गा एकीकरण आयोजना, स्मार्ट सिटी, आवास योजना, एकीकृत बस्ती विकास, शहरी पुनर्उद्धार आयोजना, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदास्थल संरक्षण, हाउस पुलिङलगायत अन्य नगर विकास पूर्वाधार ।

(२) फोहोरमैला व्यवस्थापन, सतह ढल, ढल प्रशोधन केन्द्र, फोहोरमैला प्रशोधन केन्द्र, सार्वजनिक शौचालय, दिसाजन्य लेदो पदार्थ प्रशोधन आयोजना, जैविक मल उत्पादन आयोजनालगायत अन्य फोहोरमैलाजन्य पूर्वाधार ।

(३) खुला क्षेत्र पेटी आयोजना, एकीकृत शहरी सडक सुधार आयोजना, खानेपानी तथा सरसफाइ, सडकबत्ती, बस बिसौनी, सङ्ग्रहालय, नगर अस्पताल, सामुदायिक भवन, विद्यालय भवन, पुस्तकालय भवन, प्रशासनिक भवनलगायत अन्य पूर्वाधार ।

(४) पार्क, सार्वजनिक हरित क्षेत्र, पदमार्ग, साइकल लेन, पोखरी सुधार तथा पर्यटकीय मानव निर्मित ताल, वातावरणीय अनुकूलन र अल्पीकरण आयोजना, शहरी हरित प्रवर्द्धन आयोजनालगायत अन्य पूर्वाधार ।

### (ख) आयमूलक पूर्वाधार

(१) बहुउद्देश्यीय भवन, सपिङ कम्प्लेक्स, प्रदर्शनी केन्द्र, बजार व्यवस्थापन आयोजना, सभागृह, बसपार्क, सार्वजनिक यातायातसम्बन्धी पार्क, बहुतले व्यापारिक पार्किङलगायत अन्य व्यावसायिक पूर्वाधार ।

(२) केबुलकार परियोजना, विद्युतीय यातायात सेवा, सार्वजनिक यातायात सेवा, मेट्रो रेल, मोनो रेल, जल यातायात, फ्लाई ओभर, ट्राम, विद्युतीय सवारी चार्जिङ स्टेसन, भेहिकल वासिङ सेन्टरलगायत अन्य यातायात पूर्वाधार ।

(३) स्थानीय उत्पादन बिक्री केन्द्र, कृषि बजार, शीतभण्डार, कृषि तथा वनजन्य वस्तुहरूको

व्यावसायिक उत्पादन तथा प्रशोधन भण्डार, वधशाला तथा प्रशोधन केन्द्रलगायत अन्य कृषि पूर्वाधार ।

(४) रोड साइड रिफ्रेसमेन्ट सेन्टर, जिपलाइन, बन्जी जम्पिङ, मनोरञ्जन पार्क, खेलकुद पार्क, चिडियाघर, रङ्गशाला, कभर्डहल, रिसोर्ट तथा पार्कलगायत अन्य पर्यटकीय पूर्वाधार ।

## १.९ कोषका सेवाग्राही

(क) स्थानीय तह,

(ख) नगर विकाससँग सम्बन्धित निकाय,

(ग) प्रचलित कानुनबमोजिम स्थापित उपभोक्ता समिति,

(घ) नगर विकासको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था वा साझेदार संस्था ।

## १.१० कोषको ऋण लगानी विधि

(क) **साधारण विधि :** प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनका आधारमा कोषबाट प्रवाह गरिने ऋण र ऋणीको योगदान अनुपातका आधारमा गरिने लगानी ।

| **कुल आयोजना लागत = कोषको ऋण+ऋणीको योगदान** |
|---|

(ख) **मिश्रित विधि :** प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनका आधारमा कोषबाट प्रवाह गरिने ऋण, अनुदान र ऋणीको योगदान अनुपातका आधारमा गरिने लगानी ।

| **कुल आयोजना लागत= कोषको ऋण+कोषको अनुदान+ऋणीको योगदान** |
|---|

(ग) **सहलगानी विधि :** प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनका आधारमा कोषबाट प्रवाह गरिने ऋण, ऋणीको योगदान र सङ्घीय सरकार वा प्रदेश सरकार वा दातृ निकायहरूबाट प्राप्त अनुदानसमेतका आधारमा गरिने लगानी ।

| **आयोजना लागत = कोषको ऋण+ऋणीको योगदान+ केन्द्रीय सरकार/प्रदेश सरकार/दातृ निकायको अनुदान** |
|---|

(घ) **सार्वजनिक-निजी साझेदारी विधि :** निजी क्षेत्र र सार्वजनिक निकायबीच सम्पन्न आयोजना विकास सम्झौता तथा आयोजना मूल्याङ्कन प्रतिवेदनका आधारमा कोष, निजी क्षेत्र र सार्वजनिक निकायबीच गरिने त्रिपक्षीय सम्झौताबमोजिम सार्वजनिक निकायको ऋण जमानीमा गरिने आयोजना लगानी ।

| **आयोजना लागत= कोषको ऋण+निजी क्षेत्रको लगानी + सार्वजनिक निकायको योगदान** |
|---|

(ङ) **सहवित्तीय (कन्सोर्टियम) विधि :** आयोजना मूल्याङ्कन प्रतिवेदनका आधारमा कोष, बैङ्क तथा वित्तीय संस्थाको संयुक्त ऋण र ऋणीको योगदानसमेतका आधारमा गरिने लगानी । यस्तो आयोजनामा सङ्घीय वा प्रदेश सरकारको अनुदानसमेत लगानी हुन सक्नेछ ।

तर यसरी लगानी गर्दा कोषमा जम्मा रहेको पुँजीको १५ (पन्ध्र) प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सक्नेछ ।

| **आयोजना लागत= कोष तथा वित्तीय संस्थाको संयुक्त ऋण+ऋणीको योगदान** |
|---|

## १.११ ऋण आवेदन प्रक्रियाका लागि आवश्यक कागजात (Documents for Application) :

(क) आवेदकको अख्तियारप्राप्त तहबाट ऋण तथा अनुदान लिने निर्णय,

(ख) आयोजना स्थलको जग्गा स्वामित्वसम्बन्धी विवरण,

(ग) प्रस्तावित आयोजनाको सङ्क्षिप्त विवरण वा विस्तृत आयोजना अध्ययन प्रतिवेदन,

(घ) वातावरण अध्ययन प्रतिवेदन,

(ङ) आयोजनासम्बन्धी अन्य कागजातहरू ।

## १.१२ लगानीका स्रोत

(क) नेपाल सरकारबाट प्राप्त पुँजी,

(ख) नेपाल सरकारबाट साना शहरी खानेपानी तथा सरसफाइ क्षेत्र आयोजनाअन्तर्गत प्राप्त पुँजी,

(ग) नगर विकास कार्यक्रमअन्तर्गत स्थापित चक्रीय कोषमा रहेको रकम,

(घ) दिगो शहरी यातायात क्षेत्रअन्तर्गत प्राप्त रकम,

(ङ) नेपाल सरकारबाट प्राप्त ऋण एवम् अनुदान रकम,

(च) कोषको सञ्चित बचत रकम,

(छ) विकास साझेदारबाट प्राप्त ऋण तथा अनुदान रकम,

(ज) प्रचलित कानुनबमोजिम जारी गरिने विकास ऋणपत्र वा डिबेन्चरबाट प्राप्त रकम,

(झ) समितिले समय समयमा लगानी गर्ने गरी तोकिदिएको रकम ।

## १.१३ ऋण असुलीसम्बन्धी व्यवस्था

नगर विकास कोषले पूर्वाधार निर्माणका लागि गरेको ऋण लगानीको असुली प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यान्वयनमा रहेको ऋण असुली विनियमावली, २०७९ का केही प्रावधानहरू :

## ऋणको वर्गीकरण तथा नोक्सानी व्यवस्था

१. **ऋणको वर्गीकरण :** (१) कोषले प्रवाह गरेको ऋणलाई देहायबमोजिम वर्गीकरण गर्नुपर्नेछ :

(क) असल ऋण : भाखा ननाघेका र एक वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(ख) कमसल ऋण : साँवा वा ब्याज एक वर्षदेखि दुई वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(ग) शङ्कास्पद ऋण : साँवा वा ब्याज दुई वर्षदेखि पाँच वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(घ) खराब ऋण : साँवा वा ब्याज पाँच वर्षभन्दा माथिको अवधिले भाखा नाघेको किस्ता रकम ।

(२) उपविनियम (१) को खण्ड (क) बाहेकका ऋणलाई निष्क्रिय ऋण मानिनेछ ।

२. **खराब ऋणसम्बन्धी अन्य व्यवस्था :** (१) विनियम ५ को उपविनियम (१) को खण्ड (घ) मा उल्लेख भएबाहेक देहायका मध्ये कुनै अवस्थाको ऋणलाई समेत खराब ऋणमा वर्गीकरण गरिनेछ :

(क) ऋण सम्झौतामा उल्लिखितबाहेक अन्य प्रयोजनमा ऋणको उपयोग गरेको,

(ख) आयोजना निर्माणको सुरु ठेक्का सम्झौतामा उल्लेख भएअनुसारको निर्माण अवधिको दोब्बर समयसम्म पनि आयोजना निर्माण सम्पन्न नभएको,

(ग) सरोकारवाला निकायबीच आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धी विवाद उत्पन्न भई कानुनबमोजिम २ (दुई) वर्षसम्म समाधान नभएको,

(घ) आयोजना निर्माण सम्पन्न भएको मितिदेखि २ (दुई) वर्षसम्म सेवा सञ्चालनमा नआएको,
(ङ) आयोजनाबाट आर्जित रकम ऋण भुक्तानी नगरी अन्य कार्यमा प्रयोग गरेको ।

३. **ऋण नोक्सानी व्यवस्था :** (१) यस विनियमावलीबमोजिम वर्गीकरण गरिएका ऋणलाई बक्यौता साँवा रकमका आधारमा देहायबमोजिम ऋण नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ :

| **ऋण वर्गीकरण** | **न्यूनतम ऋण नोक्सानी व्यवस्था** |
|---|---|
| (क) असल | एक प्रतिशत |
| (ख) कमसल | बीस प्रतिशत |
| (ग) शङ्कास्पद | चालीस प्रतिशत |
| (घ) खराब | शतप्रतिशत |

(२) पुनर्संरचना वा पुनर्तालिकीकरण गरिएको ऋणको हकमा न्यूनतम ५ (पाँच) प्रतिशत ऋण नोक्सानी व्यवस्था कायम गरिनेछ ।

तर, असल ऋण पुनर्संरचना वा पुनर्तालिकीकरण भएको अवस्थामा १ (एक) प्रतिशत ऋण नोक्सानी व्यवस्था गर्न सकिनेछ ।

(३) उपविनियम (२) बमोजिमको व्यवस्थाबाट समेत लगातार २ (दुई) वर्षसम्म पनि नियमित हुन नसकेको ऋणको हकमा पुनर्संरचना वा पुनर्तालिकीकरण हुनुअघिको ऋण नोक्सानी व्यवस्था कायम गरिनेछ ।

४. **कन्सोर्टियम ऋणसम्बन्धी व्यवस्था :** नियमावलीको नियम ८ बमोजिम गरिएको कन्सोर्टियम ऋण लगानीमा नेपाल राष्ट्र बैङ्कबाट जारी गरिएको निर्देशिकाबमोजिमको ऋण नोक्सानी व्यवस्था कायम गरिनेछ ।

५. **ऋण पुनर्संरचना वा पुनर्तालिकीकरणसम्बन्धी व्यवस्था :** (१) ऋण सम्झौताबमोजिम तोकिएको समयमा नियमित रूपमा भुक्तानी नभएको ऋणलाई उपसमितिले पुनर्संरचना वा पुनर्तालिकीकरण गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम ऋण पुनर्संरचना वा पुनर्तालिकीकरण गर्ने आधार देहायबमोजिम हुनेछ :
(क) ऋणीले पेस गरेको कार्ययोजना विश्वसनीय भएमा,
(ख) कुल बक्यौता ब्याजको कम्तीमा पच्चीस प्रतिशत असुलउपर भएमा,
(ग) ऋणीले प्राकृतिक विपत्ति वा महामारी वा काबुबाहिरको अन्य परिस्थिति सिर्जना भई आयोजनाको वित्तीय अवस्था वा नगद प्रवाहमा नकारात्मक असर परेको प्रमाण पेस गरेमा,
(घ) ऋण असुली हुने सम्बन्धमा उपसमिति विश्वस्त हुने आधार भएमा ।

६. **असल ऋण असुली प्रक्रिया :** ऋण असुली एकाइले असल ऋण असुलीका लागि देहायको प्रक्रिया अवलम्बन गर्नेछ :

(क) तोकिएको भुक्तानी मितिभन्दा कम्तीमा ३० (तीस) दिनअगावै किस्ता रकम भुक्तानीका लागि ऋणीलाई अग्रिम जानकारी गराउने,
(ख) तोकिएको भुक्तानी मितिभित्र किस्ता रकम दाखिला नगरेमा २१ (एक्काइस) दिनको म्याद दिई ताकेता पत्र पठाउने,
(ग) खण्ड (ख) बमोजिमको समय सीमाभित्र किस्ता रकम दाखिला नगरेमा १५ (पन्ध्र) दिनको म्याद दिई पुनः ताकेता पत्र पठाउने,
(घ) खण्ड (ग) बमोजिमको समय सीमाभित्र किस्ता रकम दाखिला नभएमा सोसम्बन्धी व्यहोरा ऋणको जमानीकर्ता भएमा निजलाई समेत जानकारी गराउने ।

**७. कमसल ऋण असुली प्रक्रिया :** (१) ऋण असुली एकाइले कमसल ऋण असुलीका लागि देहायबमोजिमको प्रक्रिया अवलम्बन गर्नेछ :

(क) बक्यौता किस्ता रकम दाखिला गर्नका लागि १५ (पन्ध्र) दिनको म्याद दिई पुनः ताकेता पत्र पठाउने,

(ख) खण्ड (क) बमोजिमको समयभित्र किस्ता रकम दाखिला नभएमा जमानीकर्तासमेतलाई पुनः जानकारी गराउने ।

(२) उपविनियम (१) बमोजिम जानकारी गराएको ९० (नब्बे) दिनभित्र किस्ता रकम दाखिला नभएमा कोष व्यवस्थापनले ऋण असुलीका लागि एस्क्रो एकाउन्ट वा डेब्ट सर्भिस रिजर्भ फन्ड वा ऋण सम्झौताबमोजिमका अन्य विधि लागू गर्न सक्नेछ ।

(३) कोषले कमसल ऋणमा वर्गीकरण भएको ऋणीलाई पूर्वस्वीकृत भएको ऋण रकमबाहेक थप ऋण उपलब्ध गराउनेछैन ।

तर, थप लगानी उपलब्ध गराउँदा आयोजना सञ्चालन भई ऋण असुली हुन सक्ने देखिएमा आयोजना पुनर्मूल्याङ्कनका आधारमा थप लगानी उपलब्ध गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिनेछैन ।

**८. शङ्कास्पद ऋण असुली प्रक्रिया :** (१) ऋण असुली एकाइले शङ्कास्पद ऋण असुलीका लागि देहायबमोजिमको प्रक्रिया अवलम्बन गर्नेछ :

(क) बक्यौता किस्ता रकम दाखिला गर्नका लागि १५ (पन्ध्र) दिनको म्याद दिई पुनः ताकेता पत्र पठाउने,

(ख) खण्ड (क) बमोजिमको समयभित्र किस्ता रकम दाखिला नभएमा जमानीकर्तालाई सम्झौताबमोजिम बहन गर्नुपर्ने दायित्व ९० (नब्बे) दिनभित्र पूरा गर्न जानकारी गराउने ।

(२) कोषले शङ्कास्पद ऋणमा वर्गीकरण भएको ऋणीलाई पूर्वस्वीकृत भएको ऋण रकमबाहेक थप ऋण उपलब्ध गराउनेछैन ।

तर, थप लगानी उपलब्ध गराउँदा आयोजना सञ्चालन भई ऋण असुली हुन सक्ने देखिएमा आयोजना पुनर्मूल्याङ्कनका आधारमा थप लगानी उपलब्ध गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिनेछैन ।

**९. खराब ऋण असुली प्रक्रिया :** (१) ऋण असुली एकाइले खराब ऋण असुलीका लागि देहायबमोजिमको प्रक्रिया अवलम्बन गर्नेछ :

(क) बक्यौता किस्ता रकम दाखिला गर्नका लागि ३० (तीस) दिनको म्याद दिई खण्ड (ख) बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित हुने सूचनाको व्यहोरासमेत समावेश गरी ऋणी तथा जमानीकर्तालाई पुनः ताकेता पत्र पठाउने ।

(ख) खण्ड (क) बमोजिम किस्ता रकम दाखिला नभएमा दाखिला गर्नुपर्ने बक्यौता किस्ता रकमको विवरणसहित ऋणी र जमानीकर्ताको नाम उल्लेख गरी राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची २ बमोजिमको ढाँचामा कम्तीमा ३५ (पैंतीस) दिनको म्याद दिई सूचना प्रकाशन गर्ने ।

# २. आ.व. ०८१/८२ मा कोषद्वारा सञ्चालित कार्यक्रमहरूको प्रगति समीक्षा

## २.१ दातृ संस्थाको सहयोगमा सञ्चालित कार्यक्रम :

**१. शहरी खानेपानी तथा सरसफाइ आयोजना** (Urban Water Supply and Sanitation Sector Project – UWSSSP)

एसियाली विकास बैङ्कको सहयोगमा विभिन्न सहरमा सुरक्षित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन नगर विकास कोषवाट २५ प्रतिशतसम्म ऋण, उपभोक्ताबाट ५ प्रतिशत र नेपाल सरकारबाट ७० प्रतिशत अनुदान लगानी हुने गरी सञ्चालित यस आयोजनाअन्तर्गत आ.व. २०८१/८२ मा रु. २४ करोड ७० लाख २३ हजार बजेट विनियोजन गरिएकोमा शहरी खानेपानी तथा सरससफाइ आयोजनाअन्तर्गतका आयोजनमा रु. १० करोड ८६ लाख र प्रथम, दोस्रो र तेस्रो चरणका खानेपानी आयोजनाहरूको स्तरोन्नतिका लागि रु. ५ करोड ६९ लाख ३९ हजार गरी जम्मा रु. १६ करोड ५५ लाख ५४ हजार लगानी भई लक्ष्यको ६७ प्रतिशत प्रगति भएको छ ।

यस आयोजनाअन्तर्गत निर्माणको अन्तिम चरणमा रहेका २० वटा आयोजनामध्ये सप्तकोशी, पाँचखाल र डाँछी भद्रवास जस्ता ठूला खानेपानीका आयोजनाहरू निर्धारित समयमा सम्पन्न हुन नसक्दा लक्षित लगानी हुन सकेन । शहरी खानेपानी तथा सरसफाइ आयोजनाको समय July 2026 सम्म थप गरिएको छ ।

यस आयोजनाअन्तर्गत प्रथम, दोस्रो र तेस्रो चरणअन्तर्गतका आयोजनाको स्तरोन्नतिका लागि रु. ५ करोड ऋण स्वीकृत गरिएको छ । यस आ.व.मा स्वीकृत आयोजनाको विस्तृत विवरण तालिका नं. १ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १ : आ.व. ०८१/८२ मा स्वीकृत भएका आयोजना**

| सि.नं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२५% ऋण) | उपभोक्ता संस्था (५% सहलगानी) |
|---|---|---|---|---|---|
| १ | निर्मलपोखरी बागमारापुडी साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (स्तरोन्नति) | १४,७०६,००० | १०,२९४,२०० | ३,६७६,५०० | ७३५,३०० |
| २ | बागलुङ नगर खानेपानी तथा सरसफाइ आयोजना (स्तरोन्नति) | १५,२३३,००० | १०,६६३,१०० | ३,८०८,२५० | ७६१,६५० |
| ३ | विदुर खानेपानी तथा सरसफाइ आयोजना (स्तरोन्नति) | १०३,३००,००० | ७२,३१०,००० | २५,८२५,००० | ५,१६५,००० |
| ४ | कोहलपुर बृहत् शहरी खानेपानी आयोजना (स्तरोन्नति) | ३५,८९६,००० | २५,१२७,२०० | ८,९७४,००० | १,७९४,८०० |
| ५ | बुधबारे साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (स्तरोन्नति) | ३१,०४६,००० | २१,७३२,२०० | ७,७६१,५०० | १,५५२,३०० |
| | **जम्मा** | **२००,१८१,०००** | **१४०,१२६,७००** | **५०,०४५,२५०** | **१०,००९,०५०** |

## तालिका नं. २: आ.व. ०८१।८२ मा शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत चालू आयोजना अवस्था

| सि. नं. | आयोजनाको नाम | आयोजना लागत | न.वि.कोष ऋण (२५%) | आ.व. ०८१।८२ को लगानी | आ.व. ०८१।८२ सम्मको लगानी | आयोजनाको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | चरिकोट शहरी खानेपानी तथा सरसफाई आयोजना | ७१८,२३५,००० | १७९,५५८,७५० | | १७८,४८४,०१८ | संचालन र व्यवस्थापन चरणमा |
| २ | सिलुचुङ्ग शहरी खानेपानी तथा सरसफाई आयोजना | ४९७,९९८,००० | १२४,४९९,५०० | | ११८,०८३,०२७ | |
| ३ | इलाम शहरी खानेपानी तथा सरसफाई आयोजना | ५७९,५०७,००० | १४४,८७६,७५० | | १३४,८०४,६८९ | |
| ४ | रम्बाखोला माझीखोला शहरी खानेपानी तथा स रसफाई आयोजना | २२५,५५८,००० | ५६,३८९,५०० | | ४७,१२५,३७९ | |
| ५ | चैनपुर शहरी खानेपानी तथा सरसफाई आयोजना | २१७,३०९,००० | ५४,३२७,२५० | | ४६,२८३,०७९ | |
| ६ | लिवाङ्ग शहरी खानेपानी तथा सरसफाई आयोजना | ३१५,२४२,००० | ७८,८१०,५०० | | ७२,९७८,४७२ | |
| ७ | शुभघाट शहरी खानेपानी तथा सरसफाई आयोजना | ६२४,८९२,००० | १५६,२२३,००० | | १४९,२४८,७०० | |
| ८ | प्रगतिनगर शहरी खानेपानी तथा सरसफाई आयोजना | २९४,९९६,००० | ७३,७४९,००० | | ६२,३३४,४२५ | |
| ९ | सिद्धनाथ बैजनाथ शहरी खानेपानी तथा सरसफाई आयोजना | २०९,४४१,००० | ५२,३६०,२५० | | ४६,०६८,४५६ | |
| १० | खलंगा शहरी खानेपानी तथा सरसफाई आयोजना | २९२,६६६,००० | ७२,३०५,००० | १,१४९,६२६ | ६१,६४८,३४१ | |
| ११ | दधिकोट शहरी खानेपानी तथा सरसफाई आयोजना | ५८६,४४७,८८० | १४६,६११,९७० | ६,२०५,७३६ | १४६,६११,९७० | |
| १२ | शारदानगर शहरी खानेपानी तथा सरसफाई आयोजना | ३३४,१६६,०५८ | ८३,५४१,५१५ | | ८३,५४१,५१४ | |
| १३ | कंचनरूप शहरी खानेपानी तथा सरसफाई आयोजना | ४३९,६५३,००० | १०९,९१३,२५० | ६,६७०,२८७ | १०९,९१३,२५० | |
| १४ | गोरुसिङ्गे शहरी खानेपानी तथा सरसफाई आयोजना | १९१,०५७,००० | ४७,७६४,२५० | ६,००९,३७७ | ४७,७६४,२५० | |
| १५ | हुप्से देउराली शहरी खानेपानी तथा सरसफाई आयोजना | ८६७,४४०,००० | २१६,८६०,००० | | २१६,८६०,००० | |
| १६ | झुम्का शहरी खानेपानी तथा सरसफाई आयोजना | ३६४,४२३,००० | ९१,१०५,७५० | १२,७०९,७३१ | ८३,९६८,५६९ | सम्पन्नको अन्तिम चरणमा |
| १७ | पूर्णागिरी शहरी खानेपानी तथा सरसफाई आयोजना | २१२,८४८,००० | ५३,२१२,००० | ७,७७७,९१९ | ३६,६१७,४०० | |
| १८ | सम्तकोशी शहरी खानेपानी तथा सरसफाई आयोजना | ४६८,९९४,००० | ११७,२४८,५०० | १६,३५०,००४ | ७४,३२१,३६४ | |
| १९ | पाँचखाल शहरी खानेपानी तथा सरसफाई आयोजना | १,६३२,६४५,००० | ४०८,१६१,२५० | २६,७५१,९५५ | ३८७,९३४,४१३ | |
| २० | डांछी (भद्रवास) शहरी खानेपानी तथा सरसफाई आयोजना, काठमाण्डौं | ५७८,९५२,००० | १४४,७३८,००० | २४,९९०,०६९ | १०५,२३१,०२२ | |
| २१ | सुडा टाउन खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | १८,७४७,००० | ४,६८६,७५० | १,३६९,४४३ | ४,५५२,९४० | |
| २२ | दुहवी खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | १७,१५७,००० | ४,२८९,२५० | २,५७०,१९१ | ३,३४०,२५२ | |
| २३ | आर्दशनगर, कंचनपुर खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | ३७,१००,००० | ९,२७५,००० | २,३९४,७०८ | ७,८५५,६८२ | |
| २४ | मुसीकोट, खलंगा खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | १३,३८२,००० | ३,३४५,५०० | २,३२९,०७२ | २,३२९,०७२ | |
| २५ | आँवुखैरेनी खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | १३,६२०,००० | ३,४०५,००० | १,८७१,२७२ | १,८७१,२७२ | |
| २६ | फिक्कल खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | ९,८७०,००० | २,४६७,५०० | | - | |
| २७ | लमही खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | २९,८९९,००० | ७,४७४,७५० | ६,०९३,६७१ | ६,८१३,५७१ | |
| २८ | टिकापुर खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | ६,६४९,००० | १,६६२,२५० | | - | |
| २९ | इन्द्रपुर खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | १९,३३०,००० | ४,८३२,५०० | | - | |
| ३० | निर्मलपोखरी, बागमारा, पुडी खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | १४,७०६,००० | ३,६७६,५०० | ३,३९३,८३८ | ३,३९३,८३८ | |
| ३१ | कावासोती खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | ३८,०४८,००० | ९,५१२,००० | | - | |
| ३२ | कोहलपुर खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | ३५,८९६,००० | ८,९७४,००० | ९,०५५,६७१ | ९,०५५,६७१ | |
| ३३ | बागंलुङ्ग खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | १५,२३३,००० | ३,८०८,२५० | ३,२७८,७१० | ३,२७८,७१० | |
| ३४ | बुधवारे खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | ३९,८०१,००० | ९,९५०,२५० | ६,७५४,६८७ | ६,७५४,६८७ | |
| ३५ | विदुर खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | ११८,७९५,००० | २९,६९८,७५० | १७,८२८,१३८ | १७,८२८,१३८ | |
| ३६ | रत्ननगर खानेपानी तथा सरसफाई आयोजा स्तरोन्नती | २०,५४९,००० | ५,१३७,२५० | | - | |
| | **जम्मा** | **१०,१०१,२५१,९३९** | **२,५२४,४५१,४८५** | **१६५,५५४,१०५** | **२,२७६,८९६,१७१** | |



*शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत सम्पन्न गोरुसिँगे खानेपानी तथा सरसफाइ आयोजना*

**२. शहरी उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना** (Urban Resilience and and Livability Improvement Project –URLIP)

एसियाली विकास बैङ्कको सहयोगमा शहरी विकास तथा भवन निर्माण विभागसँगको सहकार्यमा सहभागी पालिका (पोखरा महानगरपालिका, जनकपुरधाम उपमहानगरपालिका, देवदह, सैनामैना, लुम्बिनी सांस्कृतिक, सिद्धार्थनगर तथा तिलोत्तमा नगरपालिका)को पूर्वाधार विकास तथा शासन व्यवस्थामा सुधार गरी समावेशी आर्थिक वृद्धि र जीवनयापनमा सुधार ल्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन भइरहेको छ ।

सहभागी नगरपालिकामा सञ्चालन हुने आयोजनाको Civil Works तर्फको १८ प्रतिशतसम्मको लागत नगर विकास कोषबाट सम्बन्धित नगरपालिकाहरूमा ऋण लगानी हुने प्रावधानअनुसार आ.व. २०८१/८२ मा यस कार्यक्रमअन्तर्गत रू. ४३ करोड ऋण लगानी गर्ने लक्ष्य रहेकोमा आयोजना कार्यान्वयन तहबाट आयोजना तयारी तथा बोलपत्रसम्बन्धी प्रक्रियामा भएको ढिलाइका कारण यस आ.व.मा लगानी हुन सकेन ।

## २.२ नेपाल सरकारको अनुदान सहयोगमा सञ्चालित कार्यक्रम :

**नगर विकास कार्यक्रम : ब.उ.शि.नं. ३४७५११०१ (नगर विकास कोष)**

शहरी पूर्वाधारका सामाजिक तथा आयमूलक आयोजनाको निर्माण, विकास, सुपरिवेक्षण तथा स्थानीय तहहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरूमा ऋण-अनुदान मिश्रण लगानी विधिमा अनुदान प्रवाह हुने गरी शहरी विकास मन्त्रालयअन्तर्गत प्राप्त हुने अनुदानबाट नगर विकास कार्यक्रम सञ्चालन भइरहेको छ ।

आ.व. २०८१/८२ मा यस कार्यक्रमअन्तर्गत आयोजना निर्माण तथा प्राविधिक सहयोग तथा परामर्श सेवातर्फ रू. १९ करोड ३० लाख बजेट विनियोजन गरिएकोमा रू. ३ करोड ८१ लाख १७ हजार अनुदान परिचालन भएको छ । यस कार्यक्रमअन्तर्गत स्वीकृत आयोजनाहरूका लागि सम्बन्धित स्थानीय तहबाट बोलपत्रसम्बन्धी प्रक्रियामा भएको ढिलाइ, कमजोर निर्माण व्यवस्थापन साथै नगरपालिकाबाट प्रस्तावित आयोजनाको जग्गाको स्वामित्वका कारण आयोजना स्वीकृतिमा भएको ढिलाइले लक्षित लगानी हुन सकेन ।



*कोषको ऋण सहयोगमा तुलसीपुर उपमहानगरपालिकामा सम्पन्न व्यावसायिक भवन*



*कोषको ऋण सहयोगमा इटहरी उपमहानगरपालिकामा सम्पन्न बस टर्मिनल*

## २.३ नेपाल सरकारको ऋण सहयोगमा सञ्चालित कार्यक्रम :

**शहरी पूर्वाधार विकास आयोजना** (Urban Infrastructure Development Project–UIDP) :

शहरी पूर्वाधार विकास आयोजनामार्फत नगरपालिकामा आर्थिक क्रियाकलाप वृद्धि गर्ने, स्थानीय आर्थिक विकासको माध्यमबाट रोजगारी सिर्जना हुने र नगरपालिकाका निमित्त दिगो आम्दानीको स्रोत बन्न सक्ने आयोजनाका लागि आ.व. २०८१/८२ मा रु. १ अर्ब ५८ करोड ९४ लाख लगानी गर्ने लक्ष्य राखिएकोमा यस अवधिमा रु. ३६ करोड ३६ लाख ५६ हजार लगानी भई लक्ष्यको २३ प्रतिशत प्रगति भएको छ ।

यस कार्यक्रमअन्तर्गत स्वीकृत आयोजनाहरूका लागि सम्बन्धित स्थानीय तहबाट बोलपत्रसम्बन्धी प्रक्रियामा भएको ढिलाइ, कमजोर निर्माण व्यवस्थापनका साथै नगरपालिकाबाट प्रस्तावित आयोजनाको जग्गाको स्वामित्वका कारण आयोजना स्वीकृतिमा भएको समस्या जस्ता कारणबाट लक्षित लगानी हुन सकेन । यस कार्यक्रमअन्तर्गत चालू आयोजनाहरूको विस्तृत विवरण तालिका- ३ मा उल्लेख गरिएको छ ।



*कोषको ऋण सहयोगमा कमलामाई नगरपालिकामा सम्पन्न सिटी हल*




*कोषको ऋण सहयोगमा भेरी गङ्गा नगरपालिकामा निर्माणाधीन छिन्चु बसपार्क*

## नगर विकास कोषको आयोजना



## सञ्चालन भएका नगरपालिका तथा साना शहरहरू

| विवरण | नगरपालिकाको सङ्ख्या | साना सहर खानेपानी र सरसफाइ क्षेत्र परियोजनाको सङ्ख्या |
|---|---|---|
| कोशी प्रदेश | २२ | २५ |
| मधेश प्रदेश | १९ | ९ |
| बागमती प्रदेश | १९ | १५ |
| गण्डकी प्रदेश | ७ | २६ |
| लुम्बिनी प्रदेश | १५ | १८ |
| कर्णाली प्रदेश | ४ | ७ |
| सुदूरपश्चिम प्रदेश | ७ | १४ |
| जम्मा | ९३ | ११४ |



## तालिका नं. ३: आ.व. ०८१।८२ मा शहरी पूर्वाधार विकास आयोजनाअन्तर्गत चालू आयोजना

| सि. नं. | आयोजनाको नाम | नगरपालिका | आयोजना लागत | कोषको स्वीकृत ऋण | आ.व. ०८१।८२ को ऋण लगानी | आ.व. ०८१।८२ सम्मको ऋण लगानी | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|
| १ | बेलबारी सपिङ कम्प्लेक्स एन्ड स्थानीय उत्पादन केन्द्र | बेलपारी, मोरङ | २००,९८०,००० | १४०,६८६,००० | - | ४०,४२४,८६६ | ८० % |
| २ | वीरेन्द्र सभागृह | विराटनगर, मोरङ | २७७,९२५,००० | १११,१७०,००० | - | ७७,२५५,५७० | ९५ % |
| ३ | कमलामाई सिटी हल | कमलामाई, सिन्धुली | १६४,६८८,०४५ | ११५,२८१,६३२ | १८,१०२,८४२ | ७९,६७७,७६१ | १०० % |
| ४ | तुलसीपुर व्यावसायिक भवन | तुलसीपुर, दाङ | १४४,२७०,६२३ | १००,९८९,४३६ | ३१,९१६,८३६ | १०९,०८८,२३८ | १०० % |
| ५ | हेटौंडा बसपार्क / टर्मिनल कम्पेक्स | हेटौंडा, मकवानपुर | ३४४,९९७,००० | २०६,९९८,२०० | १४,८४२,११७ | १४२,९३०,७७० | ७० % |
| ६ | व्यास सपिङ कम्प्लेक्स | व्यास, तनहुँ | २८८,५४४,००० | २०१,९८०,८०० | - | - | न.पा.बाट खरिद प्रक्रियामा |
| ७ | जलेश्वर बसपार्क | जलेश्वर, महोत्तरी | १५२,०९६,००० | ११४,०७२,००० | ११,७६७,८२० | ४२,५८१,१९३ | ३० % |
| ८ | दशरथचन्द बहुउद्देश्यीय भवन | दशरथचन्द, बैतडी | ४६,६२०,००० | ३०,३०३,००० | - | १२,७०७,७६९ | १०० % |
| ९ | बुधबारे कृषि बजार | बुधबारे, सुन्दरहरैचा | १४२,६८८,००० | ११४,१५०,४०० | २४,४१७,७०० | ७७,१०९,२२४ | ९० % |
| १० | गुजरा बहुउद्देशीय भवन | गुजरा, रौतहट | ८८,३३१,००० | ५२,९९८,६०० | | ४५,६६५,३२२ | १०० % |
| ११ | कोल्हवी हाट बजार | कोल्हवी, बारा | १७२,८७३,००० | १२९,६५४,७५० | ११,१९०,०९८ | १२०,२८५,१५२ | १०० % |
| १२ | छिन्चु बसपार्क | भेरीगङ्गा, सुर्खेत | १८५,८२०,००० | १३०,०७४,००० | - | २५,५७२,७५१ | ५० % |
| १३ | इटहरी बसपार्क | इटहरी, सुनसरी | १६२,२१८,००० | ११३,५५२,६०० | १९,३३०,५०३ | ४९,४२३,०१९ | १०० % |
| १४ | पाल्पा बसपार्क | पाल्पा, तानसेन | २४९,०१७,००० | १७४,३११,९०० | २७,८६४,८५८ | ५४,०९७,३०६ | ५५ % |
| १५ | दमक सपिङ कम्प्लेक्स | दमक, झापा | ६११,४३४,००० | ४२८,००३,८०० | ९९,५००,२२७ | ११२,८३४,८१४ | २० % |
| १६ | वैरनी जग्गा विकास आयोजना | व्यास, तनहुँ | १३०,०७२,००० | ९१,०५०,४०० | १५,३५०,५२९ | २०,६१७,३२९ | ६० % |
| १७ | बुटवल आधुनिक बहुतल्ले पार्किङ भवन | बुटवल, रूपन्देही | ३०४,०४२,००० | १९७,६२७,३०० | - | - | न.पा.बाट खरिद प्रक्रियामा |
| १८ | वालिङ बसपार्क | वालिङ, स्याङजा | १२२,७५७,००० | ६७,५१६,३५० | ७,५९२,७५५ | १०,३३४,२५५ | ३० % |
| १९ | बहुउद्देशीय भवन तथा आधुनिक वधशाला (फेज(१) | ईश्वरपुर, सर्लाही | ४५,०१७,००० | २४,७५९,३५० | ५,९७०,५२५ | २०,७६१,२०४ | १०० % |
| २० | कागेश्वरी मनोहरा बहुउद्देशीय कार्यालय भवन (फेज (१), काठमाडौं । | काठमाडौं | ३५१,७९४,१०९ | १०४,७०९,८०० | २७,५९८,७८० | १०४,७०९,७९९ | १०० % |
| २१ | खाँडाचक्र बहुउद्देशीय भवन | खाँडाचक्र, कालिकोट | २५५,३३५,००० | ८९,३६७,२५० | - | - | न.पा.बाट खरिद प्रक्रियामा |
| २२ | दुहबी वहुउद्देश्यीय भवन | दुहबी, सुनसरी | ३२८,४२९,००० | १६४,२१४,५०० | ४८,२१०,१९८ | ४८,२१०,१९८ | ४५ % |
| २३ | उर्लाबारी बसपार्क | उर्लाबारी, मोरङ | २००,३४७,००० | १२०,२०८,२०० | - | - | न.पा.बाट खरिद प्रक्रियामा |
| | | जम्मा | **४,९७०,२९४,७७७** | **३,०२३,६८०,२६८** | **३६३,६५५,७८८** | **१,१९४,२८६,५४०** | |

## २.४ कोषको स्व:पुँजी (इक्विटी) बाट सञ्चालित कार्यक्रम :

**१. खानेपानी तथा सरसफाइ कार्यक्रम (सहलगानी) – खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थातर्फ :**

नेपाल सरकारले छनोट गरेका साना सहरमा खानेपानी आपूर्तिका आयोजनामा नेपाल सरकारबाट ७० प्रतिशत अनुदान, कोषबाट बढीमा २५ प्रतिशत ऋण र उपभोक्ता संस्थाबाट ५ प्रतिशत नगद योगदान हुने गरी खानेपानी तथा सरसफाइ कार्यक्रम (सहलगानी) सञ्चालनमा रहेको छ ।

आ.व. २०८१।८२ मा यस कार्यक्रमअन्तर्गत कोषको इक्विटी पुँजीबाट खानेपानी आपूर्तिका आयोजनामा रू. २८ करोड ५८ लाख बजेट विनियोजन गरिएकोमा यस अवधिमा रू. ८ करोड ८६ लाख ३४ लगानी भई लक्ष्यको ३१ प्रतिशत प्रगति भएको छ ।

यस कार्यक्रमअन्तर्गतका केही आयोजनामा खानेपानी उपभोक्ता संस्थाबाट नै स्रोत व्यवस्थापन हुन गई कोषमा ऋण माग नभएका कारण लक्षित ऋण लगानीमा अपेक्षित प्रगति हुन सकेन ।

आ.व. २०८१/८२ मा सहलगानी खानेपानी आयोजनाका लागि रू. १४ करोड २८ लाख ऋण स्वीकृत गरिएको थियो । यस आ.व.मा स्वीकृत आयोजनाको विस्तृत विवरण तालिका नं. ३ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४ :** आ.व. २०८१/८२ मा स्वीकृत आयोजना

| सि.नं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२५% ऋण) | उपभोक्ता संस्था (५% सहलगानी) |
|---|---|---|---|---|---|
| १ | लम्कीचुहा सहलगानी खानेपानी तथा सरसफाई आयोजना, कैलाली | १४७,७९५,००० | १०३,४५६,५०० | ३६,९४८,७५० | ७,३८९,७५० |
| २ | अमृतपुर सहलगानी खानेपानी तथा सरसफाई आयोजना, तुलसीपुर | २३६,५३९,००० | १६५,५७७,३०० | ५९,१३४,७५० | ११,८२६,९५० |
| ३ | गोठाटार भैमाल खानेपानी तथा सरसफाई आयोजना, कागेश्वरी मनोहरा नगरपालिका | १८६,९०१,००० | १३०,८३०,७०० | ४६,७२५,२५० | ९,३४५,०५० |
| | **जम्मा** | **५७१,२३५,०००** | **३९९,८६४,५००** | **१४२,८०८,७५०** | **२८,५६१,७५०** |



*सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत सम्पन्नको अन्तिम चरणमा रहेको तुलसीपुर सहलगानी खानेपानी आयोजनाको ओभरहेड ट्याङ्की*

## तालिका नं. ५: आ.व. ०८१।८२ मा सहलगानी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत उपभोक्ता संस्थातर्फ चालू आयोजनाको अवस्था

| सि. नं. | आयोजनाको नाम | आयोजनाको लागत | न.वि.कोष (२०%-२५% ऋण) | आ.व. ०८१।८२ को लगानी | आ.व. ०८१।८२ सम्मको लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बाग्लुङ्ग सहलगानी खानेपानी तथा सरसफाई आयोजना | ३०२,६५१,००० | ७५,६६२,७५० | - | ७५,०८७,०४४ | |
| २ | टंकी सिनवारी खानेपानी तथा सरसफाई आयोजना | २७५,५४०,००० | ५५,१०८,००० | - | ५५,१०८,००० | |
| ३ | जुटपानी खानेपानी तथा सरसफाई आयोजना | १९१,४४३,००० | ४७,८६०,७५० | २,९९६,७९३ | ४३,८७५,४९५ | |
| ४ | बेलभुण्डी खानेपानी तथा सरसफाई आयोजना | ३०७,३६५,००० | ६१,४७३,००० | ६,४५७,०७७ | ६०,४५०,३४८ | |
| ५ | बढ्डीचौर खानेपानी तथा सरसफाई आयोजना | १५९,३७४,००० | ३१,८७४,८०० | - | २३,१८०,६०८ | |
| ६ | भादँगाउ खानेपानी तथा सरसफाई आयोजना | १५२,४३६,००० | ३८,१०९,००० | २,३३१,१९७ | २९,०३९,३०६ | |
| ७ | खैरेनिटार खानेपानी तथा सरसफाई आयोजना | १७३,७२५,००० | ४३,४३१,२५० | ८,६९४,०५० | ३८,३५२,५४४ | |
| ८ | तुलसीपुर खानेपानी तथा सरसफाई आयोजना | ५६९,०२४,००० | १४२,२५६,००० | १२,६१५,६४७ | ७०,३४७,०५३ | |
| ९ | घोराही खानेपानी तथा सरसफाई आयोजना | ४९८,५४९,००० | १२४,६३७,२५० | - | ८४,६०८,४८९ | |
| १० | मनपाङ खोला सल्यानटार सहलगानी खानेपानी तथा सरसफाई आयोजना, धादिङ्गमा | २३८,५४९,००० | ४७,७०९,८०० | ५,३०४,१११ | ३९,८६६,८१४ | |
| ११ | गोठाटार भैमाल सहलगानी खानेपानी तथा सरसफाई आयोजना, कागेश्वरी मनोहरा नगरपालिका | १८६,९०१,००० | ४६,७२५,२५० | १७,७०६,०८३ | १७,७०६,०८३ | |
| १२ | लम्कीचुहा सहलगानी खानेपानी तथा सरसफाइ आयोजना, कैलाली । | २९४,८३२,००० | ७३,७०८,००० | २९,२३४,८९७ | २९,२३४,८९७ | |
| १३ | उर्लावारी बृहत सह-लगानी खानेपानी तथा सरसफाई आयोजना | २८२,८५०,००० | ३५,३५६,२५० | ३,२९४,१२५ | ३२,१३१,१०४ | |
| १४ | अमृतपुर सह-लगानी खानेपानी तथा सरसफाई आयोजना, दाङ्ग । | २३६,५३९,००० | ५९,१३४,७५० | - | - | |
| | **जम्मा** | **३,८६९,७७८,०००** | **८८३,०४६,८५०** | **८८,६३३,९८०** | **५९८,९८७,७८५** | |

## २. खानेपानी तथा सरसफाइ कार्यक्रम (सहलगानी) - नगरपालिकातर्फ :

नगरपालिकाबाट प्रस्तावित खानेपानी आयोजनामा नेपाल सरकारद्वारा साना शहरी खानेपानी तथा सरसरफाइ क्षेत्रको प्रथम चरण र दोस्रो चरणअन्तर्गतको इक्विटी पुँजी रकमबाट लगानी गर्ने गरी आ.व. २०८१/८२ का लागि रु. १२ करोड ५२ लाख बजेट विनियोजन गरिएकोमा रु. ८२ लाख ८१ हजार लगानी भएको छ ।

यस कार्यक्रमअन्तर्गत मझौला सहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (Secondary Towns Integrated Urban Environmental Improvement Project– STIUEIP) कार्यक्रम अन्तर्गत सञ्चालित काभ्रे उपत्यका (वनेपा, धुलिखेल र पनौती नगरपालिका) एकीकृत खानेपानी आयोजनालाई कार्यान्वयनमा ल्याउन ऋण लगानी गर्ने लक्ष्य रहे पनि नगरपालिकाबाट थप ऋण लगानीका लागि माग नभएकोले अपेक्षित लगानी हुन सकेन ।

**तालिका नं. ६: आ.व. ०८१।८२ मा सहलगानी खानेपानी तथा सरसफाइ आयोजना नगरपालिकातर्फ चालू आयोजनाको अवस्था**

| सि.नं. | आयोजनाको नाम | आयोजनाको लागत | न.वि.कोष (२०%–२५% ऋण) | आ.व. ०८१।८२ को लगानी | आ.व. ०८१।८२ सम्मको लगानी | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | धादिङबेँसी सहलगानी खानेपानी तथा सरसफाइ आयोजना धादिङमा | २९४,००४,००० | ७३,५०१,००० | ५,५९०,०३० | ३६,३०७,७९७ | ५०% |
| २ | रङ्गेली खानेपानी तथा सरसफाइ आयोजना | ९,३२४,००० | ८,३९१,६०० | २,६९०,५६४ | ३,४२५,५६४ | ६०% |
| | **जम्मा** | **३०३,३२८,०००** | **८१,८९२,६००** | **८,२८०,५९४** | **३९,७३३,३६१** | |






*शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत डाँछी भद्रवास खानेपानी आयोजना*

## २.५ वैदेशिक सहायताअन्तर्गतका प्रस्तावित कार्यक्रम

- World Bank Group अन्तर्गतको International Finance Corporation (IFC) सँगको सहकार्यमा देशका महानगरपालिकामा शहरी पूर्वाधार विकास तथा निर्माणका लागि निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न कोषबाट प्राविधिक सहयोग परिचालन गर्ने सम्बन्धमा शहरी विकास मन्त्रालय र International Finance Corporation (IFC) बीच २०८२ वैशाख २६ मा सहमतिपत्र (MoU) मा हस्ताक्षर सम्पन्न भएको समझदारी (MoU) अनुरूप सम्पूर्ण महानगरहरूमा शहरी पूर्वाधारका रूपान्तरणकारी आयोजनाको तयारीका लागि प्रारम्भिक चरणको छलफल सम्पन्न भई आयोजना विकासको चरणमा प्रवेश भएको छ ।
- शहरी पूर्वाधारसँग सम्बन्धित लगानीयोग्य आयोजना, हरित आयोजना तयारी एवम् प्राविधिक सहयोगका लागि अन्तर्राष्ट्रिय संस्था (United Nation Office for Project Services–UNOPS) को प्राविधिक सहयोग कोषबाट परिचालन हुने गरी शहरी विकास मन्त्रालय र UNOPS बीच नोभेम्बर २०२५ मा सम्पन्न समझदारी (MoU) अनुरूप कोषका लगानीमा बनेका समस्याग्रस्त आयोजनाहरूको अध्ययन कार्य सुरु भएको छ ।
- नेपाल सरकार र फिनल्यान्ड सरकारबीच भएको "Projects Funded Under Finland's Public Sector Investment Facility (PIF) Scheme" विषयक खाका सम्झौताबमोजिम कोषले एकीकृत ठोस फोहोरमैला व्यवस्थापन (ISWM) परियोजनाका लागि वित्तीय तथा प्राविधिक सहयोग प्राप्त गर्न कोषबाट प्रस्तावित Concept Paper फिनल्यान्ड सरकारबाट स्वीकृत भई आयोजना अध्ययनका कार्य अगाडि बढेको छ ।
- एकीकृत शहरी खानेपानी तथा सरसफाइ आयोजना (Integrated Urban Water Supply and Sanitation Sector Project –IUWSSSP) एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालन हुने एकीकृत शहरी खानेपानी तथा सरसफाइ आयोजनाको अवधारणा तथा आयोजनाको सञ्चालन तथा व्यवस्थापनका लागि प्रस्तावित संस्थागत संरचना सम्बन्धमा कोष र एडिबीबीच छलफल भई आवश्यक प्रक्रिया अगाडि बढेको छ ।
- Norwegian Embassy को "Energize Nepal II" कार्यक्रममार्फत नगरपालिकाहरूलाई Sustainable Clean Energy मा सशक्तीकरण गर्ने उद्देश्यले कोषबाट नगरपालिकाहरूमा Clean Energy सँग सम्बन्धित आयोजनाहरूमा लगानीका लागि कोषलाई अनुदान (करिब रु. १० करोड रूपैयाँ) प्राप्तिको सहमतिको प्रक्रियामा रहेको छ ।

# ३. नगर विकास कोष र अन्तर्राष्ट्रिय सङ्घ-संस्थाको सहकार्यमा सञ्चालित कार्यक्रमहरू

## ३.१ नगरपालिका वित्त तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम :

युरोपियन युनियन (EU) को वित्तीय सहयोगमा सञ्चालित नगरपालिका वित्त तथा क्षमता विकास कार्यक्रम (MFCB) नगरपालिकाहरू र नगर विकास कोषको वित्तीय क्षमता अभिवृद्धि तथा स्थानीय आर्थिक विकास र जलवायु संवर्द्धन गर्ने पूर्वाधार निर्माणमा नवीनतम लगानी विधि अपनाउन क्षमताको विकास गर्ने उद्देश्य राखिएको थियो । सहभागी १५ ओटा नगरपालिकाहरू (भद्रपुर, मेचीनगर, इटहरी, धरान, जनकपुर, हरिवन, हेटौंडा, धुलिखेल, गोरखा, तानसेन, बुटवल, तुल्सीपुर, वीरेन्द्रनगर, धनगढी र भीमदत्त) मा सन् २०१९ देखि सुरु भएको कार्यक्रम डिसेम्बर २०२४ मा सम्पन्न भएको छ ।

नगरपालिकाहरूको वित्तिय क्षमता अभिवृद्धिका लागि युरोपियन युनियनबाट कोषलाई प्राविधिक सहायतास्वरूप प्राप्त युरो १९९६,००० (करिब रु. २८ करोड) मध्ये रु. १८ करोड ५४ लाख परिचालन भएको छ ।

यस कार्यक्रमको कार्यान्वयनबाट विशेष गरी जलवायु उत्थानशील (क्लाइमेट रेजिलियन्ट) पूर्वाधारहरू निर्माणका १५ वटा आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार भएका छन् । पूर्वाधार निर्माणमा समावेशिताको अभ्यासको प्रवर्द्धन, नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउन नगर सेवा प्रणालीको विकास, नगरपालिकाहरूका लागि गुनासो सुनुवाइ नीति तयार गर्नेलगायतका विभिन्न क्रियाकलापका माध्यमबाट नगरपालिकाहरूको वित्त व्यवस्थापन तथा क्षमता अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुगेको छ ।

आ.व. २०८१/८२ मा यस कार्यक्रमअन्तर्गत नगरपालिकाको वित्तीय क्षमता अभिवृद्धि, स्थानीय आर्थिक विकास र जलवायु संवर्द्धन पूर्वाधार निर्माणमा नवीनतम लगानी विधि अपनाउने क्षमताको विकास, स्थानीय तहको सम्पत्ति व्यवस्थापन योजनालगायतका कार्यक्रमका लागि रु. १० करोड ९२ लाख बजेट विनियोजन गरिएकोमा रु. २ करोड ९० लाख ६३ हजार अनुदान परिचालन भएको छ ।






*European Union (EU) को सहयोगमा सञ्चालित नगरपालिका वित्त क्षमता अभिवृद्धि कार्यक्रमअन्तर्गत नगरपालिकाहरूका लागि पूर्वाधार सम्पत्ति व्यवस्थापनसम्बन्धी कार्यशाला गोष्ठी*

आ.व. २०८१/८२ मा नगरपालिका वित्त तथा क्षमता विकास कार्यक्रम (MFCB) अन्तर्गत विकास गरिएका परियोजनाहरूमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संस्थाहरू र निजी क्षेत्रलाई आकर्षित गर्ने उद्देश्यले 'नगर पूर्वाधार लगानी शिखर सम्मेलन, २०२४' आयोजना गरिएको थियो । शिखर सम्मेलनमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संस्थाहरूसहित १७ नगरपालिकाका १०० भन्दा बढीको सहभागिता रहेको थियो ।











*नगर पूर्वाधार लगानी शिखर सम्मेलन, २०२४*





*European Union (EU) को सहयोगमा सञ्चालित नगरपालिका वित्त क्षमता अभिवृद्धि कार्यक्रमअन्तर्गत रुकुम पश्चिम र जाजरकोट जिल्लाका नगरपालिकाका इन्जिनियरहरूलाई "Earthquake Resistant Buildings Design" सम्बन्धी तालिम कार्यक्रम ।*

## ३.२ हरित जलवायु कोष (Green Climate Fund)

नेपाल सरकार, अर्थ मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय निकाय (National Designated Authority–NDA) को हरित जलवायु कोष प्राविधिक समितिको मिति २०७४।०७।१९ को निर्णयअनुसार नगर विकास कोषलाई Direct Access Entity का लागि आवेदन गर्न छनोट भएको थियो । हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation Institution) प्राप्त गरी जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका पूर्वाधार विकासका लागि नगर विकास कोषमार्फत अनुदान, सरल ऋण (Concessional Loan) र ग्यारेन्टी (Guarantee) का रूपमा प्रतिआयोजनाका लागि अमेरिकी डलर ५० देखि २५० मिलियनसम्मका आयोजनाका लागि स्रोत पहुँच गर्न सकिने अवसर प्राप्त हुनेछ ।

आव ०८१।८२ मा हरित जलवायु कोषसँग सम्बन्धन (Accreditation) प्राप्त गर्ने प्रक्रियाका लागि आवश्यक पर्ने देहायबमोजिमका नीति, निर्देशिका, कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भई लागू गरिएको छ । जुन आव ०८१।८२ मा हरित जलवायु कोषसँग सम्बन्धन (Accreditation) प्राप्त गर्ने प्रक्रियाका लागि हासिल गरिएको महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ ।

- Environmental and Social Safeguard Policy, २०२५
- Gender Equality, Disability and Social Inclusion Policy (GEDSI Policy), २०२५
- Grievance Redressal Mechanism, २०२५
- Internal Control Framework, २०२५
- Monitoring and Evaluation Guideline, २०२५
- FraudPrevention and Whistleblower Protection Guideline, २०२५
- आन्तरिक लेखा परीक्षण निर्देशिका, २०८२
- जोखिम व्यवस्थापन निर्देशिका, २०८२
- आयोजना मूल्याङ्कन निर्देशिका, २०८२

कोष हरित जलवायु कोषको मानक संस्था (Accreditation Institution) को रूपमा स्थापित गर्ने कार्यको दोस्रो चरणमा प्रवेश गरेको छ ।




*"Climate Finance Write-Shop for Social Infrastructure Development"*

# ४. संस्थागत विकास, व्यवसाय प्रवर्द्धन तथा जनशक्ति व्यवस्थापन


कोष कार्यक्षेत्र विस्तृतीकरण र पुँजी पुनर्संरचना गर्ने गरी रूपान्तरणको चरणमा रहेसँगै कोषको संस्थागत विकास, शहरी पूर्वाधार क्षेत्रमा कोषको लगानी क्षेत्रलाई व्यापक तथा प्रभावकारी बनाउन व्यवसाय प्रवर्द्धन र व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरूको प्राप्तिका निम्ति कोषको संस्थागत विकास, व्यवसाय प्रवर्द्धन तथा जनशक्ति व्यवस्थापनतर्फ आ.व. ०८१/८२ मा प्राप्त उपलब्धि तथा भएका प्रयासहरूलाई देहायबमोजिम संश्लेषण गरिएको छ :

## ४.१ संस्थागत विकास तथा व्यवसाय प्रवर्द्धन कार्यक्रमतर्फ

आ.व. २०८१/८२ मा संस्थागत विकास तथा व्यवसाय प्रवर्द्धन कार्यक्रमतर्फ रु. १ करोड ५३ लाख ५६ हजार बजेट विनियोजन गरिएकोमा रु. ८६ लाख ८९ हजार खर्च भएको छ । यस कार्यक्रमतर्फ मुख्यत: देहायबमोजिमका क्रियाकलापहरू सम्पन्न गरिएका छन् :

- कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनाका लागि "नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८२" तयार भई कानुनबमोजिम स्वीकृतिको प्रक्रियामा रहेको छ ।
- नगर विकास कोष ऐन, २०५३ को दफा १८ को उपदफा (१) बमोजिम कोषको प्रशासकीय प्रमुखका रूपमा दैनिक कार्य सञ्चालन गर्नका लागि तोकिएको योग्यता पुगेका व्यक्तिहरूमध्येबाट खुला प्रतिस्पर्धाका आधारमा समितिले एक जना कार्यकारी निर्देशक नियुक्त हुने प्रावधानबमोजिम कार्यकारी निर्देशक पदमा मिति २०८१/०८/०९ देखि चार वर्षका लागि ई. विनोद प्रकाश पण्डितज्यू नियुक्ति भई कोषको संस्थागत सुदृढीकरणका लागि चार वर्षीय व्यावसायिक योजना (आ.व. २०८१/८२ देखि २०८४/८५) कार्यान्वयनमा आएको छ । व्यावसायिक योजनाले कोषको कार्यक्षेत्र विस्तृतीकरण र पुँजी पुनर्संरचना, कोषको संस्थागत सुदृढीकरण, सङ्गठन संरचना सुधार, शहरी पूर्वाधार विकासमा वैकल्पिक वित्तीय उपकरणको परिचालन, सरोकार





निकायहरूसँगको पहुँच विस्तारलगायत प्रमुख लक्ष्यका रूपमा निर्धारण गरेको छ ।

- आ.व. ०८१।८२ मा स्थानीय तहको पूर्वाधार विकासका लागि खानेपानी आयोजनातर्फ रु. १९ करोड ३९ लाखबराबरका नयाँ आयोजनाको स्वीकृतिसहित लगानी सम्झौता सम्पन्न गरिएको छ ।
- लगानीयोग्य पूर्वाधार आयोजनाहरूको विकासका लागि नगरपालिकाहरूलाई वित्तीय व्यवस्थापनमा सहजीकरण गर्ने उद्देश्य राखी देशका २९३ वटै स्थानीय तहका नगर प्रमुखज्यूहरूको महत्त्वपूर्ण सहभागितामा "शहरी पूर्वाधार : प्राथमिकता तथा वित्त व्यवस्थापन" विषयक गोष्ठीमार्फत परियोजना छनोट र नगरको पूर्वाधार निर्माणमा वित्तीय लगानीको स्रोत व्यवस्थापन सम्बन्धमा नगर प्रमुखसँग अन्तर्क्रियात्मक कार्यक्रम भई आयोजना बैङ्क तयारी गरिएको छ ।
- शहरी पूर्वाधारसँग सम्बन्धित लगानीयोग्य आयोजना एवम् हरित आयोजना तयारीलगायतमा अन्तर्राष्ट्रिय संस्था UNOPS (United Nation Office for Project Services) र Norwegian Embassy को प्राविधिक सहयोग प्राप्तिको प्रक्रियामा रहेको छ ।
- युरोपियन युनियन (EU) को वित्तीय सहयोगमा सञ्चालित नगरपालिका वित्त तथा क्षमता विकास कार्यक्रम (MFCB) नगरपालिकाहरूका लागि विशेष गरी जलवायु उत्थानशील (क्लाइमेट रेजिलियन्ट) पूर्वाधारहरूका १५ वटा आयोजनाहरूको विस्तृत अध्ययन प्रतिवेदन, पूर्वाधार निर्माणमा समावेशिताको अभ्यासको प्रवर्द्धन, नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउन नगर सेवा प्रणालीको विकास, नगरपालिकाहरूका लागि गुनासो सुनुवाइ नीति तयार गर्नेलगायतका विभिन्न क्रियाकलापहरूका माध्यमबाट नगरपालिकाहरूको वित्त व्यवस्थापन तथा क्षमता अभिवद्धिमा महत्त्वपूर्ण योगदान पुगेको छ ।






- कोषलाई GCF को मानक संस्थाका रूपमा स्थापित हुने प्रक्रियाका लागि आवश्यक दस्ताबेज (Environmental and Social Safeguard Policy, 2025; Gender Equality, Disability and Social Inclusion Policy (GEDSI Policy), 2025; Grievance Redressal Mechanism, 2025; Internal Control Framework, 2025; Monitoring and Evaluation Guideline, 2025; Fraud Prevention and Whistleblower Protection Guideline, 2025; आन्तरिक लेखा परीक्षण निर्देशिका, २०८२; जोखिम व्यवस्थापन निर्देशिका, २०८२ र आयोजना मूल्याङ्कन निर्देशिका, २०८२) सञ्चालक समितिबाट स्वीकृत भई लागू गरिएको छ ।
- कोष र Nepal Engineer's Association (NEA) बीच शहरी पूर्वाधारका नवीनतम आयोजनाहरूको पहिचान, विकास, तयारी, सीप आदानप्रदानलगायतमा सहकार्य गर्न सहमतिपत्र (MOU) सम्पन्न भई कोष र नेपाल इन्जिनियर्स एसोसिएसनको सहकार्यमा मधेश प्रदेशमा "Urban Planning: Tools & Techniques" विषयक तालिम सम्पन्न गरिएको छ ।

- कोषको व्यवसाय प्रवर्द्धनका लागि Sustainable housing का क्षेत्रमा सहकार्यका लागि JICA research team सँग छलफल गरिएको छ ।




*JICA research team र कोषका पदाधिकारीहरू ।*

## ४.२ जनशक्ति व्यवस्थापन :

- आ.व. २०८१/८२ मा कोषको संस्थागत सुदृढीकरण एवम् कोषको व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यप्राप्तिका लागि कोषमा दक्ष जनशक्तिको व्यवस्थापनमा सघाउ पुऱ्याउन कोषको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन सम्पन्न भएको छ । सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदनबमोजिम सङ्गठन संरचनामा आवश्यक परिमार्जनको प्रक्रिया अगाडि बढाइएको छ ।

- कोषको स्वीकृत सङ्गठन संरचनाबमोजिम विभिन्न सेवा समूह तथा तहमा गरी ३४ स्थायी दरबन्दी रहेकोमा २० पदमा कर्मचारी कार्यरत रहेका छन् भने सहयोगी स्तर श्रेणीविहीन सेवा करारमा १० जना कार्यरत रहेका छन् । कोषको व्यावसायिक योजनाले निर्धारण गरेका लक्ष्यहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्न विषयगत विज्ञहरूको विज्ञता प्राप्त गरिएको छ । आव ०८१।८२ मा युरोपियन युनियन (EU) को अनुदान सहयोगमा सञ्चालित Municipal Finance and Capacity Building (MFCB) कार्यक्रम र शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत एसियाली विकास बैङ्कको प्राविधिक सहयोगअन्तर्गत विषयगत विज्ञहरूको विज्ञतासमेत प्राप्त भएको थियो ।

## ४.३ अनुसन्धान तथा विकास :

कोषको उद्देश्यअनुरूप शहरी विकासका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा उपलब्ध ज्ञान, सीप, प्रविधि, अभ्यास, सिकाइहरूमार्फत अनुसन्धान तथा विकासका कार्यहरू गर्न आ.व. २०८१/८२ मा अनुसन्धान तथा विकास (Research and Development) अन्तर्गत रु. ५० लाख बजेट विनियोजन गरिएकोमा रु. ४० लाख ८४ हजार खर्च भएको छ ।

कोषबाट लगानी भएका आयोजनाहरू र भविष्यमा लगानी हुन सक्ने आयोजनाहरूलाई Geographic Information System (GIS) मा प्रविष्ट गराई Establishment of the GIS based open data investment information System को कार्य सम्पन्न गरी कार्यान्वयनमा ल्याइएको छ ।

कोष र Nepal Engineer's Association (NEA) बीच शहरी पूर्वाधारका नवीनतम आयोजनाहरूको पहिचान, विकास, तयारी, सीप आदानप्रदानलगायतमा सहकार्य गर्न सहमतिपत्र (MOU) सम्पन्न भई कोष र नेपाल इन्जिनियर्स एसोसिएसनको सहकार्यमा मधेश प्रदेशमा "Urban Planning: Tools & Techniques" विषयक तालिम सम्पन्न गरिएको छ ।

# ५. स्थानीय तह तथा सेवाग्राहीको क्षमता विकासका कार्यक्रम

कोषको प्रमुख उद्देश्यमा स्थानीय तह तथा सेवाग्राहीलाई वित्तीय सहायताका साथसाथै क्षमता विकासका लागि प्राविधिक सहायता प्रदान गर्नुपर्ने पनि रहेको हुँदा कोषले आ.व. ०८१/८२ मा कोषका सेवाग्राहीको क्षमता विकासलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

कोषका सेवाग्राहीहरूको क्षमता विकास कार्यक्रमअन्तर्गत स्थानीय तहका प्रविधिक कर्मचारीहरूलाई पूर्वाधार निर्माणका आयोजनाको करार व्यवस्थापनमा देखापरेका समस्याहरूको पहिचान तथा समस्या समाधानका लागि सार्वजनिक खरिद व्यस्थापन, भवन निर्माण डिजाइन, शहरी पूर्वाधार विकासका लागि Land Pooling प्रविधिको प्रयोगलगायतका तालिमहरू प्रदान गरिएको छ ।





*Contract Management & Procurement सम्बन्धी तालिम*





*शहरी पूर्वाधार विकासका लागि Land Pooling प्रविधिको प्रयोगसम्बन्धी तालिम*

यसै गरी कोषको लगानीमा निर्माण सम्पन्न भएका खानेपानीका आयोजनाहरूको सहज सञ्चालन र व्यवस्थापनका लागि तयार गरिएको व्यावसायिक योजनामाका विविध पक्षहरूका सम्बन्धमा उपभोक्ता संस्थाका पदाधिकारीहरूलाई तालिम प्रदान गरिएको छ । यसबाट खानेपानी आयोजनाहरूको दिगो सञ्चालन र व्यवस्थापनमा उपभोक्ता संस्थाको क्षमता अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।






*खानेपानी उपभोक्ता संस्थालाई व्यावसायिक योजना कार्यान्वयनसम्बन्धी तालिम*






*भवन डिजाइन र निर्माणमा ऊर्जा दक्षता प्रवर्द्धनसम्बन्धी तालिम*

## ५.१ अनुगमन तथा मूल्याङ्कन

कोषको आ.व. ०८१/८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वनका लागि कोषका विभिन्न विभाग, महाशाखा, शाखाअन्तर्गतका प्रत्येकलाई कोषको सूचना प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीमा प्रविष्ट गराई मासिक, चौमासिक एवम् वार्षिक रूपमा मूल्याङ्कन गरिँदै आएको छ ।

कोषका कार्यक्रम तथा क्रियाकलापहरूको मासिक, त्रैमासिक, चौमासिक र वार्षिक रूपमा व्यवस्थापन तह एवम् त्रैमासिक र वार्षीक रूपमा मन्त्रालयस्तरीय समीक्षा गरी कार्यान्वनमा देखापेरका समस्या र समस्या सामाधानका उपाय सहित प्रतिवेदन तयार गरी कार्यान्वयन गरिएको छ ।

कोषको ४ वर्षीय "व्यावसायिक योजना (Business Plan) आ.व. २०८१/०८२ देखि आ.व. २०८४/८५) ले पहिलो वर्ष पार गर्दै गर्दा व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्य प्राप्ति र देखा परेका समस्यालाई विश्लेषण गरी आव ०८२/८३ को नीति, कार्यक्रम तथा बजेटमा समावेश गरिएको छ । मुख्य रूपमा कोषको पुँजी पुनर्संरचना र कार्यक्षेत्र विस्तृतीकरणका लागि गरिएका प्रयास, कोषको संस्थागत विकासका लागि

लागू गरिएका विनियमावली, पूर्वाधार विकासमा गरिएको लगानी, स्रोत व्यवस्थापन, नयाँ कार्यक्रमहरू, विभिन्न बहुपक्षीय एवम् दातृ संस्थाहरूसँगको सहकार्यमा अगाडि बढेका कार्यक्रमहरूको कार्यान्वयनको अवस्थासहित कोषका चुनौती र आगामी दिनमा अवलम्बन गर्नुपर्ने कार्यदिशालाई समीक्षा गरिएको छ ।

कोषबाट ऋण लगानी भई निर्माणाधीन अवस्थामा रहेका आयोजनाहरूको प्रगतिका सम्बन्धमा स्थलगत अनुगमन गरी आयोजनालाई निर्धारित समयमा गुणस्तरीय रूपमा सम्पन्न गराउन आवश्यक राय सुझाव प्रदान गरिएको छ । कोषको लगानीमा निर्माण सम्पन्न भएका आयोजनाको सञ्चालन तथा व्यवस्थापनको सम्बन्धमा स्थलगत भ्रमण गरी कोषको लगानीले पूर्वाधार विकास तथा आर्थिक क्षेत्रमा गरेको योगदानको मूल्याङ्कन गरिएको छ ।




*कोहलपुर बसपार्कको अनुगमन तथा निरीक्षण*




*निर्माणाधीन वालिङ बसपार्कको अनुगमन तथा निरीक्षण*



*भैमाल गोठाटार खानेपानी आयोजनाको अनुगमन तथा निरीक्षण*



*सुनकोशी पाँचखाल खानेपानी आयोजनाको अनुगमन तथा निरीक्षण*

# ६. कोषको वित्तीय अवस्था

आ.व. २०८१।८२ का लागि तय गरिएका विभिन्न कार्यक्रम तथा आयोजनाका लागि नेपाल सरकार, दातृ निकाय तथा कोषको आफ्नो पुँजी कोषसमेतको परिचालन गरी आ.व. २०८१।८२ मा भएको ऋण तथा अनुदान लगानी, ऋण असुली, ऋण भुक्तानी, सञ्चालन आम्दानी, खर्च व्यवस्थापन देहायबमोजिम रहेको छ :

## ६.१ ऋण तथा अनुदान लगानी

आ.व. २०८१/८२ मा नेपाल सरकार तथा दातृ निकायको वित्तीय सहयोगमा सञ्चालित बहुवर्षीय आयोजनाका साथसाथै कोषको इक्विटी परिचालन गरी शहरी पूर्वाधारका आयोजनामा जम्मा रु. २ अर्ब ८७ करोड ६६ लाख लगानी गर्ने लक्ष्य राखी बजेट विनियोजन गरिएकोमा आ.व. २०८१/८२ मा कुल रु. ६६ करोड ४२ लाख ४१ हजार लगानी भएको छ । जसमध्ये रु. ३ करोड ८१ लाख अनुदान र रु. ६२ करोड ६१ लाख ऋण रहेको छ ।

## ६.२ ऋण असुली

कोषले आ.व. ०८१।८२ मा शहरी पूर्वाधारमा गरेको लगानीको नियमित किस्ता तथा गत वर्षसम्मको बाँकी भाखा नाघेको साँवा तथा ब्याज रकम गरी साँवा-ब्याज गरी जम्मा रु. २ अर्ब ३२ करोड ६ लाख ९५ हजार असुल गर्नुपर्नेमा रु. १ अर्ब ४ करोड ५६ लाख ९५ हजार (४५%) असुल भएको छ ।

कोषको ऋण असुलीमा प्रभावकारिता ल्याउन कोष व्यवस्थापनबाट ऋण असुली विनियमावली, २०७९ बमोजिमको ऋण असुली उपसमितिमा कोषको ऋण असुली प्रतिवेदन नियमित रूपमा पेस गरी प्राप्त सुझाव एवम् निर्देशनबमोजिम ऋण असुलीलाई व्यवस्थित गर्न शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र खानेपानी मन्त्रालयसँग आवश्यक समन्वय गरिएको छ ।

कोषको ऋण असुलीलाई सहयोग हुने गरी विभिन्न क्षमता विकासका कार्यक्रमहरू सञ्चालनका साथै खानेपानीका आयोजनाहरूको सहज सञ्चालन र व्यवस्थापनका लागि व्यावसायिक योजना तयार गरी सोको कार्यान्वयन सम्बन्धमा अभिमुखीकरण गरिएको छ ।

## ६.३ ऋण भुक्तानी

कोषले विभिन्न दातृ निकायमार्फत सञ्चालित कार्यक्रम तथा आयोजनाका लागि नेपाल सरकारबाट प्राप्त गरेको ऋणको साँवा तथा ब्याज भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । आ.व. २०८१/८२ मा नेपाल सरकारलाई साँवा तथा ब्याजबापत वार्षिक दुई किस्ता (पुस र असार) गरी रु. ५७ करोड ९० लाख ८३ हजार भुक्तानी गर्ने लक्ष्य रहेकोमा रु. ५२ करोड ७० लाख भुक्तानी गरिएको छ ।

## ६.४ आम्दानी

कोषको व्यवसाय सञ्चालनबाट हुने नियमित आम्दानी र संस्थागत विकासका लागि प्राप्त हुने अनुदान आम्दानीसमेतबाट आ.व. २०८१/८२ मा कुल रु. ८० करोड ५६ लाख ७२ हजार आम्दानी हुने अनुमान गरिएकोमा जम्मा रु. ७१ करोड ७८ लाख ८७ हजार आम्दानी हुन गई ८९ प्रतिशत प्रगति हासिल भएको छ ।

## ६.५ सञ्चालन खर्च

आ.व. २०८१/८२ मा कोषको ब्याज खर्च, कर्मचारी खर्च, कार्यालय सञ्चालन खर्च, व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकास कार्यक्रम खर्च तथा गैरसञ्चालन खर्च गरी कुल खर्च रु.

३९ करोड ११ लाख ३६ हजार हुने अनुमान गरिएकोमा यस अवधिमा कुल रु. २८ करोड १० लाख ४६ खर्च भई अनुमानको ७२ प्रतिशत खर्च हुन गएको छ ।

### ६.६ बचत

आ.व. २०८१/८२ मा कुल रु.. ७१ करोड ६८ लाख २७ हजार आम्दानी र कुल रु. २८ करोड १० लाख ७० हजार खर्च भई रु. ४३ करोड ५७ लाख ५६ हजार बचत भएको छ । उक्त बचत अनुमानको १०५ प्रतिशत हुन गएको छ । उक्त बचतबाट करबापत रु. १० करोड ८९ लाख ३९ हजार भुक्तानी भई रु. ३२ करोड ६८ लाख १७ हजार खुद बचत भएको छ, जुन वार्षिक लक्ष्यको अनुपातमा ११९ प्रतिशत रहेको छ ।

### ६.७ आन्तरिक पुँजीगत खर्च :

आ.व. २०८१/८२ मा कुल पुँजीगत खर्च रु. ३ करोड ५५ लाख हुने अनुमान रहेकोमा रु. ४९ लाख ४ हजार खर्च हुन गएको छ ।

# ७. नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८२

शहरीकरणको विस्तार सँगसँगै शहरी पूर्वाधार निर्माणको आवश्यकता माग र वित्तीय स्रोत आपूर्तिबीच ठूलो खाडल भएको परिप्रेक्ष्यमा कोषले वैकल्पिक स्रोत परिचालन गर्ने संस्थाका रूपमा बलियो पहिचान गराएकाले कोषको महत्त्व र कार्यक्षेत्रलाई मध्यजनर राखी नेपाल सरकारबाट २०८०/०१/२६ मा कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संचनासम्बन्धी रणनीतिपत्र, २०८० स्वीकृत भई सोहीबमोजिम कोष सञ्चालक समितिको मिति २०८० फागुन २ गतेको बैठकबाट नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा स्वीकृत भएको छ । कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचनाका लागि "नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८२" तयार भई कानुनबमोजिम स्वीकृतिको प्रक्रियामा रहेको छ । कोषको कार्यक्षेत्र विस्तृतीकरण र पुँजी पुनर्संरचना गर्नुपर्ने आवश्यकतालाई देहायबमोजिम संश्लेषण गरिएको छ :

- नगर विकास कोषलाई सङ्घ, प्रदेश र स्थानीय तह एवम् वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी पुनर्संरचना गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्ने सक्षम संस्थाका रूपमा सञ्चालन गर्न कानुनी प्रबन्धका लागि नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट मिति २०८०।०१।२६ मा "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचना रणनीतिपत्र" स्वीकृत भएको ।
- नेपाल सरकारको आ.व. २०७६/७७, आ.व. २०७७/७८, आ.व. २०७८/७९ र आ.व. २०७९/८०, २०८०।८१, ०८१।८२ र ०८२।८३ को बजेट वक्तव्य तथा नेपाल सरकारले व्यवस्थापिका संसद्समक्ष प्रस्तुत गरेका विभिन्न वार्षिक कार्यक्रममा नगर विकास कोषलाई पुनर्संरचना गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्ने संक्षम संस्थाका रूपमा पुनर्संरचना गरिने उल्लेख भएको ।
- सङ्घीय संरचनाअनुसार प्रदेश सरकार तथा स्थानीय तहमा शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन गर्न सक्ने व्यावसायिक वित्तीय संस्था बनाउन आवश्यक भएको ।
- कोषको विद्यमान ऐनमा पुँजी संरचनासम्बन्धी स्पष्ट व्यवस्था नभएको र शहरी पूर्वाधारहरूमा दीर्घकालीन ऋण परिचालन गर्न पुँजी वृद्धिसहित पुँजी संरचना आवश्यक भएको ।
- राष्ट्रिय शहरी नीति, २०८१ ले नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पुँजी परिचालन गरिने नीति लिएको ।
- राष्ट्रिय शहरी विकास रणनीति, २०७३ मा शहरी वित्त व्यवस्थाअन्तर्गत नगर विकास कोषलाई सबल वित्तीय संस्था बनाउन स्वपुँजी बढाउने उल्लेख भएको ।
- नेपाल सरकारसमक्ष पेस भएका विभिन्न अध्ययन प्रतिवेदनहरू नगर विकास कोषको पुँजी वृद्धिका लागि कानुनी व्यवस्थासहित पुनर्संरचना गर्ने, नगर विकास कोषले Sub-National Borrowing प्रदान गर्न सक्ने गरी पुनर्संरचना गर्ने तथा कोषलाई पुनर्संरचना गरी कम्तीमा रु. २० अर्बबराबर पुँजी संरचना बनाउनुपर्ने उल्लेख भएको ।

## प्रस्तावित नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८२ का मुख्य-मुख्य विषयहरु

- **क्षेत्राधिकार : नगर विकास कोष ऐन, २०५३ मा उल्लेख भएका क्षेत्राधिकारमा देहायबमोजिम थप हुनेछन् :**
  (क) प्रदेश सरकार र स्थानीय तह ।
  (ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सार्वजनिक-निजी साझेदारी अवधारणाअनुरूप छनोट वा सिफारिस भएका शहरी पूर्वाधार विकासका आयोजना ।
  (ग) नगर विकाससँग सम्बन्धित निकायद्वारा संयुक्त रूपमा सञ्चालित आयोजनाहरूको लगानी व्यवस्थापन र सञ्चालन गर्ने, गराउने ।
  (घ) शहरी पूर्वाधार विकाससम्बन्धी निकायलाई ऋण, अनुदान, सेयर वा त्यस्तै प्रकृतिको पुँजीगत लगानी ।
  (ङ) पूर्वाधार विकाससँग सम्बन्धित कुनै पनि बैङ्क, वित्तीय संस्था वा कम्पनीहरूबाट जारी भएको सेयर वा ऋणपत्रमा लगानी ।
  (च) नेपाल सरकारले जारी गरेको ऋणपत्र वा धितोपत्रमा लगानी

- **कोषको सेयर पुँजी संरचना र सेयरधनी :**
  (१) कोषको अधिकृत पुँजी ५० अर्ब रुपैयाँ हुनेछ र सो रकमलाई एक सय रुपैयाँका दरले ५० करोड कित्ता सेयरमा विभाजन गरिनेछ ।
  (२) कोषको जारी पुँजी ५० अर्ब रुपैयाँ र चुक्ता पुँजी २० अर्ब रुपैयाँ हुनेछ र सो रकम देहायबमोजिम बाँडफाँट गरी वितरण गरिनेछ :

| | |
|---|---|
| (क) नेपाल सरकार | एकाउन्न प्रतिशत |
| (ख) प्रदेश सरकार | दश प्रतिशत |
| (ग) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका | पन्ध्र प्रतिशत |
| (घ) गाउँपालिका | दश प्रतिशत |
| (ङ) नेपाल सरकारको स्वामित्व रहेका निगम, कोष, संस्थान, कम्पनी, बैङ्क र अन्तर्राष्ट्रिय वित्तीय संस्था | चौध प्रतिशत |

# वित्तीय अवस्थाको विवरण

**२०८१ साउन १ देखि २०८२ असार ३२ सम्मको**

रकम रू. मा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **सम्पत्ति** (Assets) | | |
| नगद तथा बैंक मौज्दात | ३,३७९,३०१,५६० | ७८६,८६६,१४० |
| नगरपालिकाहरूलाई खुद ऋण तथा पेश्की | ९,९७७,६४९,६२० | १०,०१९,१९६,०२९ |
| अन्य ऋण तथा पेश्की | १६,३३४,१२७ | २०,४५६,८९३ |
| लगानी | ५००,०००,००० | २,७५०,०००,००० |
| चालु कर सम्पति | ५४,६६९,२८२ | ३,५२६,२१६ |
| सम्पत्ति र उपकरण | १४५,०१८,९७४ | १४३,४४०,१६६ |
| अमूर्त सम्पत्ति | ५३२,४५८ | ५१,७५१ |
| आरओयू सम्पत्ति | १०,०२१,७६९ | - |
| स्थगन कर सम्पत्ति | १८१,१३५,७४२ | १८४,७२०,८५६ |
| योगदान प्राप्य | १५,२८६ | १५,२८६ |
| अन्य सम्पत्ति | ५४४,३८५,२८० | ४६९,४१०,१७७ |
| **कुल सम्पत्ति** | **१४,८०९,०६४,०९८** | **१४,३७७,६८३,५१३** |
| **दायित्व** (Liabilities) | | |
| अनुदान पेश्की | ३६,१९३,४७९ | ३६,१९३,४७९ |
| तिर्नुपर्ने/सापटी दायित्व | ७,५९३,९९५,३०४ | ७,३४४,५३५,३६६ |
| लिज सम्बन्धि दायित्व | ९,८३५,२९९ | - |
| अन्य दायित्व | २९,७५६,९३४ | ३,६२२,३०५ |
| **कुल दायित्व** | **७,६६९,७८१,०१६** | **७,३८४,३५१,१५०** |
| **इक्विटी** | | |
| शेयर पूँजी | २,७६२,९७९,७९४ | २,७६२,९७९,७९४ |
| रेस्ट्रिक्टेड कोषहरु | २,०६६,२४२,७१५ | २,०६७,१५०,३९९ |
| विशेष जगेडा | १५३,०७८,२८७ | १५५,०५६,६०५ |
| सञ्चित नाफा | २,१५६,९८२,२८७ | २,००८,१४५,५६६ |
| **कुल इक्विटी** | **७,१३९,२८३,०८२** | **६,९९३,३३२,३६४** |
| **कुल इक्विटी र दायित्व** | **१४,८०९,०६४,०९८** | **१४,३७७,६८३,५१३** |

# नाफा-नोक्सान तथा विस्तृत आयको विवरण

**२०८१ साउन १ देखि २०८२ असार ३२ सम्मको**

रकम रू. मा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---:|---:|
| ब्याज आम्दानी | ६८२,५४५,८५४ | ७९६,३७४,७५२ |
| ब्याज खर्च | १६६,४३४,७४४ | १२८,५२९,०६७ |
| **खुद ब्याज आम्दानी** | **५१६,१११,११०** | **६६७,८४५,६८४** |
| फि र कमिसन आम्दानी | – | – |
| फि र कमिसन खर्च | ८,२७३ | ६,६३३ |
| **खुद फि र कमिसन आम्दानी (खर्च)** | **(८,२७३)** | **(६,६३३)** |
| **खुद सञ्चालन आम्दानी** | **५१६,१०२,८३७** | **६६७,८३९,०५१** |
| अनुदान आम्दानी | ३२,१३१,२८७ | ५९,८८२,४२३ |
| अन्य आम्दानी | ६६३,४९३ | ४,००९,६२९ |
| **कुल आम्दानी** | **५४८,८९७,६१६** | **७३१,७३१,१०४** |
| कर्मचारी खर्च | ३६,२११,४२२ | ३६,१२७,४९६ |
| लिज खर्च | ३,३४०,५९० | ३,९२०,४०० |
| हास र परिशोधन खर्च | १,३५९,१८५ | २,४६५,५४९ |
| अन्य खर्च | ५९,६४२,७५४ | ३६,२२३,३१४ |
| अनुदान खर्च | ३२,१३१,२८७ | ५९,८८२,४२३ |
| कर्जा नोक्सानी व्यवस्था | १६२,०२४,६९३ | २८२,५२७,८६५ |
| **कर अघिको नाफा** | **२५४,१८७,६८६** | **३१०,५८४,०५६** |
| आयकर खर्च | १०८,६५४,६२५ | १७५,७७४,५११ |
| **खुद नाफा (नोक्सान)** | **१४५,५३३,०६२** | **१३४,८०९,५४५** |

## नगद प्रवाह विवरण

**२०८१ साउन १ देखि २०८२ असार ३२ सम्मको**

रकम रू. मा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| कारोवार संञ्चालनबाट नगद प्रवाह | | |
| ब्याज र कमिशन | ५७५,५४२,२७२ | ६२०,४७१,०५५ |
| अन्य आम्दानी | ६६३,४९३ | ६९१,७५५ |
| ब्याज खर्च | (२२३,०९७,०००) | (४७१,९५१,५४१) |
| कर्मचारीलाई नगद भुक्तानी | (३६,१८९,२९८) | (३७,८१७,६४२) |
| कार्यालय सञ्चालन खर्च | (५२,६२९,५४३) | (४२,२८९,१०१) |
| **सञ्चालन सम्पत्ति र दायित्व परिवर्तन अधिको सञ्चालन नगर प्रवाह** | **२६४,२८९,९२४** | **६९,१०४,५२६** |
| मौज्दात | (६८,४६२) | (२७४,१३७) |
| अन्य पेश्की | १०,५१९,९६५ | (१,५१८,३३७) |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | **२७४,७४१,४२७** | **६७,३१२,०५२** |
| आयकर भुक्तानी | (१६६,३१७,८९९) | (१९३,९१८,५६२) |
| **कारोवार सञ्चालनबाट मौजुदा खुद नगद प्रवाह** | **१०८,४२३,५२८** | **(१२६,६०६,५१०)** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| सम्पत्ति र उपकरणको खरिद | (४,९०४,२८८) | (१,७१८,८८४) |
| बैंकको मुद्धती खातामा लगानी | २,२५०,०००,००० | (५००,०००,०००) |
| आयोजनामा ऋण लगानी (एडिबी) | (१६५,५५४,१०५) | (२४९,३७७,४६८) |
| इंक्विटीबाट ऋण लगानी | (९६,९१४,५७४) | (२०६,२५४,०४७) |
| आयोजनामा ऋण लगानी (युआईडिपि) | (३८१,३७७,२८७) | (३५८,०८९,६४१) |
| कर्मचारीलाई ऋण लगानी | - | (१,७३०,०२५) |
| आयोजनाहरूबाट ऋण असुली | ५४४,४६७,८०६ | ४७६,२१७,७९४ |
| चक्रिय कोषमा सारिएको ऋण | - | - |
| टिडिपीबाट ऋण असुली | (९८,७७६,३५७) | (५९,५२९,६४८) |
| कर्मचारीबाट ऋण असुली | ४,१२२,७६७ | ५,११९,८३५ |
| **लगानी कारोवारमा मौजुदा खुद नगद प्रवाह** | **२,०५१,०६३,९६२** | **(८९५,३६२,०८४)** |
| **वित्तीय कारोवारवाट नगद प्रवाह** | | |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम (एडिबी स्रोत तर्फको आयोजना) | ६५५,०९०,००० | ८१९,९२१,००० |
| नेपाल सरकारवाट प्राप्त म्याचिङ फण्ड | ३८,११७,०६३ | ३३,१३२,९३४ |
| नगरपालिका तथा अन्यलाई अनुदान | (७०,२४८,३५०) | (९३,०१५,३५७) |
| अनुदान प्राप्त | २,९४६,०५६ | ९,४५४,१०५ |
| चक्रिय कोषमा वृद्धि | - | - |
| टिडिपी बाट ऋण असुली | ९८,७७६,३५७ | ५९,५२९,६४८ |
| टिडिपीको ब्याज तर्फबाट | १८,९८९,८८४ | १४,६७६,२९० |
| टिडिपी विशेष वचत तर्फबाट | ९,८०६,११९ | १०,३१९,४८९ |
| KSUTP ऋणको ब्याज तर्फबाट | ४१५,८०० | - |
| नेपाल सरकारलाई ऋण भुक्तानी (UEIP+STIUEIP+IUDP+STW III) | (३२०,९४५,०००) | (२८१,०२९,३१५) |
| नेपाल सरकारलाई अनुदान फिर्ता | - | - |
| सञ्चित मुनाफा (घाटा) | - | (३,२३२,७४३) |
| **वित्तीय कारोवारबाट मौजुदा नगद प्रवाह** | **४३२,९४७,९३०** | **५६९,७५६,०५१** |
| **नगद तथा नगद समानमा भएको खुद बढ/(घट)** | **२,५९२,४३५,४२०** | **(४५२,२१२,५४३)** |
| नगद तथा नगद समानको शुरुवाती मौज्दात | ७८६,८६६,१४० | १,२३९,०७८,६८३ |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **३,३७९,३०१,५६०** | **७८६,८६६,१४०** |

## आ.व. २०८१/८२ को अनुदान तथा ऋण लगानी लक्ष्य तथा प्रगति

रू. हजारमा

| सि. नं | कार्यक्रम/आयोजना | | लक्ष्य (लगानी) | | | प्रगति (लगानी) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुदान | ऋण | जम्मा | अनुदान | ऋण | जम्मा | प्रगति प्रतिशत | |
| १ | व.उ.शी.नं. ३४७५११०१ नगर विकास कोष | नगरपालिकामा सामाजिक तथा आयमूलक पूर्वाधारमा मिश्रित लगानी विधीबाट अनुदान परिचालन । | १४३,००० | - | १४३,००० | १४,१७१ | - | १४,१७१ | १०% | नेपाल सरकार अनुदान |
| | | नगरपालिकाको सामाजिक, वातावरणीय सुधार तथा आयमूलक आयोजनाको सम्भाव्यता अध्ययन, सुपरिवेक्षण तथा आयोजना तयारी, सञ्चालन तथा व्यवस्थापनका लागि क्षमता विकास कार्यक्रम | ५०,००० | - | ५०,००० | २३,९४६ | - | २३,९४६ | ४८% | |
| | | **जम्मा** | **१९३,०००** | - | **१९३,०००** | **३८,११७** | - | **३८,११७** | २०% | |
| २ | व.उ.शी.नं. ५०१४७१०१ खानेपानी क्षेत्र (वित्तीय व्यवस्था) | शहरी खानेपानी तथा सरसफाइ आयोजना (UWSSSP) | - | २४७,०२३ | २४७,०२३ | - | १६५,५५३ | १६५,५५३ | ६७% | **एसियाली विकास बैङ्क** |
| ३ | ५०१४७१०६- शहरी पूर्वाधार विकास आयोजना (वित्तिय व्यवस्था) | शहरी पूर्वाधार विकास आयोजना (UIDP) | - | १,५८९,४७३ | १,५८९,४७३ | - | ३६३,६५६ | ३६३,६५६ | २३% | **नेपाल सरकार ऋण +न.वि.कोष ईक्विटी** |
| ४ | ५०१४७१०७-शहरी उत्थानशिलता तथा जीवनयापन सुधार | शहरी उत्थानशिलता तथा जीवनयापन सुधार(URLIP) | - | ४३६,१०० | ४३६,१०० | - | - | - | - | **एशियाली विकास बैक** |
| ५ | **सह लगानी कार्यक्रम** | | | | | | | | | |
| ५.१ | खानेपानी क्षेत्र आयोजना (साना सहर) | | - | २८५,८१८ | २८५,८१८ | - | ८८,६३४ | ८८,६३४ | ३१% | **न.वि.कोष ईक्विटी** |
| ५.२ | खानेपानी क्षेत्र आयोजना (नगरपालिका) | | - | १२५,१८३ | १२५,१८३ | - | ८,२८१ | ८,२८१ | ७% | |
| | **जम्मा** | | **१९३,०००** | **२,६८३,५९७** | **२,८७६,५९७** | **३८,११७** | **६२६,१२४** | **६६४,२४१** | २३% | |

# आ.व. २०८१।८२ को ऋण असुलीको प्रगती अवस्था

रु. हजारमा

| सि.नं. | ऋण लगानीको श्रोत | कुल लगानीमा रहे को ऋण | आ.व. २०८१।८२ को सम्ममा उठ्नु पर्ने रकम (ऋण पुर्नतालिकीकरण पश्चात्) को असुली लक्ष्य | | | २०८२ आषाढ सम्मको असुली | | | २०८२ असार मसान्तमा भाखा नाघेको उठ्न बाँकी | | | असुली प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | |
| १ | नगर विकास कार्यक्रम - **दोस्रो चरण (के.एफ.डब्लु.)** | १३१,२४५ | ३४,०१६ | १६,५५० | ५०,५६६ | ३९,२७१ | १६,१०१ | ५५,३७२ | १०,५७५ | | १०,५७५ | ११०% |
| २ | नगर विकास कार्यक्रम - **तेस्रो चरण (के.एफ.डब्लू.)** | ३३९,६५४ | ५७,४३२ | ३८,२४१ | ९५,६७३ | ५९,५०५ | २२,५०१ | ८२,००६ | २९,१२२ | १५,२१५ | ४४,३३७ | ८६% |
| ३ | शहरी वातावरण सुधार आयोजना (ए.डी.बी) | १६,५६३ | १८,७९४ | २,६२५ | २१,४१९ | २,२३१ | २,४४९ | ४,६७९ | १६,५६३ | १०८ | १६,६७२ | २२% |
| ४ | मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (ए.डि.वी) | ८८२,९३० | १८३,८६२ | ९५,८१९ | २७९,६८१ | २२,७६४ | ३५,७७८ | ५८,५४२ | १६१,११४ | ५९,९२८ | २२१,०४२ | २१% |
| ५ | **प्रथम चरण साना** शहरी खानेपानी तथा सरसफाइ आयोजना (ए.डी.बी.) | ३५८,९५१ | १४२,२६९ | ८१,६५७ | २२३,९२५ | २२,९३२ | २५,३२२ | ४८,२५४ | १२३,५२१ | ५६,११८ | १७९,६३९ | २२% |
| ६ | **दोस्रो साना शहरी** खानेपानी तथा सरसफाइ आयोजना (ए.डी.बी. ) | १,४१३,८०८ | ३६७,४२० | २०५,७६० | ५७३,१८० | १००,२८० | ५१,९६७ | १५२,२४८ | २९४,३२९ | १५२,४७४ | ४४६,८०३ | २७% |
| ७ | एकीकृत शहरी विकास आयोजना (ए.डि.बी) | ८०५,९३३ | ९७,५०४ | ७२,८३३ | १७०,३३८ | ४८,७८२ | ६६,४४२ | ११५,२२४ | ४५,४९५ | ५,६१४ | ५१,११० | ६८% |
| ८ | नगर विकास कार्यक्रम–चक्रीय कोष (आन्तरिक) | २०,५७४ | २,२२३ | २,३५३ | ४,५७६ | १,८९८ | १,८५१ | ३,७४९ | ४७० | ४६६ | ९३६ | ८२% |
| ९ | साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (प्रथम चरण (पुनर्निर्माण आयोजना) | ११६,९८६ | **४२,३२०** | १७,१९३ | ५९,५१३ | २४,५७५ | ४,५२७ | २९,१०२ | २५,५७० | १२,२१० | ३७,७७९ | ४९% |
| १० | शहरी शासकीय क्षमता विकास कार्यक्रम (विश्व बैङ्क ऋण) | ९१,९११ | १२,२४४ | ६,५९६ | १८,८४० | ७,०६० | ५,७१९ | १२,७७८ | ५,२१६ | ७४० | ५,९५६ | ६८% |
| ११ | **तेस्रो साना शहरी** खानेपानी तथा सरसफाइ आयोजना (ए.डी.बी.) | १,६३६,९१४ | १५२,१५४ | १४५,७४० | २९७,८९४ | ३२,०३५ | ५९,९२५ | ९१,९६० | १२६,८०३ | ८५,६४३ | २१२,४४७ | ३१% |
| १२ | सहलगानी खानेपानी आयोजना | ८३५,१७३ | २४,६३५ | ४६,६५८ | ७१,२९३ | ५९,३२६ | ३९,९६३ | ९९,२९० | १४,२४० | ७,९४० | २२,१८० | १३९% |
| १३ | सहलगानी नगर पालिका | ६०,६२१ | ४,२८१ | २,७२४ | ७,००४ | १,६८९ | २,५८९ | ४,२७८ | १,७७४ | २३४ | २,००८ | ६१% |
| १४ | दिगो शहरी यातायात | ४४,१८९ | ३४,७४१ | ११,६४४ | ४६,३८५ | ० | ६९३ | ६९३ | ३४,७४१ | १०,९५० | ४५,६९२ | १% |
| १५ | शहरी खानेपानी आयोजना | २,३७३,७२२ | ३४,५७४ | ८८,३७९ | १२२,९५३ | ३६,४७९ | ८०,४७६ | ११६,९५४ | २२,२९६ | ३५,४५५ | ५७,७५१ | ९५% |
| १६ | शहरी पूर्वाधार विकास आयोजना | १,७२१,९०९ | १२९,५८१ | १४७,८७२ | २७७,४५४ | ८६,३८९ | ८४,१७४ | १७०,५६२ | ५०,८९६ | ७०,९८१ | १२१,८७७ | ६१% |
| | **जम्मा** | **१०,८५१,०८४** | **१,३३८,०५१** | **९८२,६४४** | **२,३२०,६९५** | **५,४५,२१६** | **५,००,४७५** | **१,०४५,६९२** | **९६२,७२६** | **५१४,०७७** | **१,४७६,८०३** | **४५%** |

# ८. कोषबाट सम्पन्न भएका विभिन्न क्रियाकलाप

## खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत ऋण सम्झौता कार्यक्रम



*अम्रीतपुर सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाका लागि कोष र तुलसीपुर उपमहानगरपालिकाबीच सम्पन्न ऋण सम्झौता कार्यक्रम*




*निर्मलपोखरी खानेपानी तथा सरसफाइ आयोजनाको स्तरोन्नतिका लागि कोष र खानेपानी उपभोक्ता संस्थाबीच सम्पन्न ऋण सम्झौता कार्यक्रम*




*भैमाल गोठाटार सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाका लागि कोष र कागेश्वरी मनोहरा नगरपालिकाबीच सम्पन्न ऋण सम्झौता कार्यक्रम*




*बाग्लुङ खानेपानी तथा सरसफाइ आयोजनाको स्तरोन्नतिका लागि कोष र खानेपानी उपभोक्ता संस्थाबीच सम्पन्न सम्झौता कार्यक्रम*




*बुधबारे खानेपानी तथा सरसफाइ आयोजनाको स्तरोन्नतिका लागि कोष र खानेपानी उपभोक्ता संस्थाबीच सम्पन्न सम्झौता कार्यक्रम*




*लम्की चुहा सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाका लागि कोष र लम्की चुहा नगरपालिकाबीच सम्पन्न ऋण सम्झौता कार्यक्रम*

## "Climate Finance Write-Shop for Social Infrastructure Development"

Municipal Finance and Capacity Building (MFCB) Program supported by Delegation of the European Union





















## कार्यशाला गोष्ठी

*देशका २९३ वटै स्थानीय तहका नगर प्रमुखज्यूहरूको महत्वपूर्ण सहभागितामा "शहरी पूर्वाधारः प्राथमिकता तथा वित्त व्यवस्थापन" विषयक गोष्ठी*





















# स्वागत तथा विदाई कार्यक्रम



शहरी विकास मन्त्रालयका सचिव एवं नगर विकास कोषका अध्यक्ष श्री गोपाल प्रसाद सिग्देलज्यूको स्वागत कार्यक्रम



नेपाल सरकारका पूर्व सचिव एवं नगर विकास कोषका पूर्व अध्यक्ष श्री मणिराम गेलालज्यूको अनिवार्य अवकाश पछिको बिदाई कार्यक्रम





नगर विकास कोषका कार्यकारी निर्देशक इ. विनोद प्रकाश पण्डितज्यूको कोषमा स्वागत कार्यक्रम





कोषका पूर्व कार्यकारी निर्देशक इ. कृष्ण प्रसाद सापकोटाज्यूको विदाई कार्यक्रम



कोषका पूर्व कर्मचारी उप-प्रबन्धक श्री सुर्य बहादुर कार्कीज्यूको अनिवार्य अवकाश पछिको विदाई कार्यक्रम



कोषका पूर्व कर्मचारी सहायक अधिकृत श्री जगत प्रसाद घिमिरेज्यूको अनिवार्य अवकाश पछिको विदाई कार्यक्रम

# ३७औं वार्षिकोत्सव कार्यक्रम

























# शहरी पूर्वाधार तथा खानेपानी अयोजनाहरूको अनुगमन तथा निरीक्षण भ्रमण

















नगर विकास कोष
TOWN DEVELOPMENT FUND

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१ ४५९३८६६, ४५६४८७४, ४५८४९५७
इमेल: tdf@tdf.org.np
वेबसाइट: www.tdf.org.np